दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३७ | अंक २८२ | बुटवल | २०८२ कात्तिक ०१ गते, शनिबार | नेपाल संवत ११४५ | Saturday October 18, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# तातोपानीमा शरीर डुबाएर उपचार गर्नेको घुइँचो

**म्याग्दीको बेनी नगरपालिका–४ तातोपानीमा शरीर डुबाएर उपचार गर्न यतिखेर विभिन्न जिल्लाबाट बिरामी ओइरिएका छन्। गत आर्थिक वर्ष ६६ जिल्लाबाट २० हजार ३ सय ६६ ले यहाँ आइ उपचार गरेका थिए। दसैंपछि दैनिक १ हजारले यहाँ उपचार गराइरहेका छन्।**




तातोपानी कुण्डमा शरीर डुबाएर उपचार गराउँदै। अहिले यहाँ दैनिक १ हजारले उपचार गराइरहेका छन्। तस्विरः शेरबहादुर केसी।

बेनी। १० असोजको साँझ खाना खाएर राम्रैगरी सुतेकी तृष्णा बोहरा बिहान उठ्नै सकिनन्। उठेर शौचालय जान खोज्दा उनको दुबै खुट्टाले टेकेनन्। बाग्लुङको बडिगाड गाउँपालिका–४ भेडिखोरकि तृष्णालाई श्रीमान प्रेमबहादुर बोहराले बुर्तिबाङ बजार पुऱ्याए। पोलिक्लिनिकमा चेकजाँच भयो। डाक्टरले युरिक एसिड भएको बताएर औषधी दिए। सातासम्म डाक्टरले दिएको औषधी खाएपछि खासै फरक नपरेपछि तातोपानी कुण्डमा डुब्न आइन्।

यहाँ आएको पाँच दिनसम्म श्रीमान प्रेमले बोकेर कुण्डमा पुऱ्याए। उपचारको छैठौँ दिनदेखि उनी लौरोको सहारामा हिंड्डुल गर्न सक्ने भइन्। नौ दिन उपचार गरेपछि हिंड्डुल गर्न सक्ने भएपछि पुनः छिट्टै कुण्डमा डुब्न आउने गरी तिहार मनाउन घर फर्केकी छन्।

बुर्तिवाङका गणेश पाइजा ढाड दुख्ने समस्याले विभिन्न अस्पताल चहारे। उपचारको लागि काठमाडौंमा शिक्षण अस्पतालका एक डाक्टरले तातोपानी कुण्डमा डुबेर उपचार गर्न सल्लाह दिए। डाक्टरको सल्लाहले यहाँ आएका पाइजालाई ढाड दुख्ने समस्याबाट आराम मिलेको छ। दुई दशकअघि पहिलो पटक यहाँ आएका उनी हरेक वर्ष साता दिन उपचार गरेर घर फर्कन्छन्। 'सातादिन कुण्डमा डुबेपछि एक वर्ष काम गर्दो रहेछ, वर्षेनी आउँछु।'–उनले भने।

खानेकुराको एलर्जीले हैरान भएका बुटवलको कालिका मानवज्ञान माध्यमिक विद्यालयका शिक्षक गोरख रोका मगर यहाँ आएर पाँच दिन डुबेपछि समाधान भएको बताए। 'अहिले ११ दिन बसेर उपचार गरेर फर्कन्छु।'-उनले भने। तातोपानीमा उपचार गर्न आएको यो उनको चौथो पटक हो।

बोहरा, पाइजा र रोका मगर जस्ता विभिन्न समस्या भएका बिरामी तातोपानी कुण्डमा शरीर डुबाएर उपचार गर्न आउँछन्। तातोपानी कुण्ड व्यवस्थापन समितिका सचिव कुमार केसीका अनुसार, यहाँ ६६ जिल्लाबाट बिरामी उपचारको लागि आएको तथ्याङ्क छ। बिरामीको अवस्था हेरेर यहाँ सातादेखि दुई सातासम्म उपचारपछि बिरामी फर्कन्छन्। गत आब २०८१।०८२ मा २० हजार ३ सय ४७ जना उपचारको लागि आए। त्यसैगरी आब २०८०।०८१ मा १९ हजार ४ सय ३ आएका थिए भने आब २०७९। ०८० मा १८ हजार २ सय ५८ बिरामी उपचार गर्न आएका थिए। यो तथ्याङ्क हेर्दा हरेक वर्ष तातोपानीमा उपचार गर्न आउने बिरामीको चाप बढिरहेको छ।

सचिव केसीका अनुसार, अहिले दिनहुँ एक हजारले यहाँ उपचार गराइरहेका छन्। दसैं–तिहार बिचको समयमा यहाँ उपचार गर्न आउनेको चाप हुन्छ। त्यसैगरी, माघ, फागुन र चैतमा पनि उत्तिकै चाप हुन्छ। असार, साउन र भदौमा उपचार गर्न आउनेको संख्या न्यून हुन्छ।

प्राकृतिक तातोपानीका यहाँ दुई वटा कुण्ड छन्। ठूलो कुण्डमा एकैपटक ३ सयसम्म र सानो कुण्डमा ३० जनासम्म डुब्न मिल्छ। ठूलो कुण्डमा डुबेको शुल्क दिनको ५० रुपैयाँ र सानो कुण्डमा डुबेको १ सय रुपैयाँ तोकिएको छ। दिनमा ६ वटा सिफ्ट सञ्चालन गरेर व्यवस्था गरिएको छ उपचार गर्न आएको व्यक्ति दिनमा दुई सिफ्टमा डुब्न पाउँछ। एउटा सिफ्ट दुई घण्टा सञ्चालन गरिएको छ। बिहान साढे पाँच बजेदेखि राति नौ बजेसम्म डुब्न पाइन्छ। ठूलो कुण्डमा साँझ साढे पाँच बजेसम्म र सानो कुण्डमा नौ बजेसम्म डुब्न पाइन्छ। सानो कुण्डमा अपरान्ह ४ बजेपछि आउनेलाई २ सय शुल्क तोकिएको छ।

तातोपानी कुण्ड व्यवस्थापन समितिका लेखापाल रेशम कार्कीका अनुसार, उपचार गर्न आउने व्यक्तिलाई बेचेको टिकटबाट आर्थिक वर्ष २०८१।०८२ मा ७१ लाख २१ हजार ४ सय आम्दानी भएको छ। उपचार गरी निको भएपछि र विभिन्न संघ संस्थाले गरेको सहयोगबाट ४६ लाख ८० हजार ९ सय, शिव मन्दिरको भेटीबाट ७ लाख २८ हजार २ सय र आजीवन सदस्य शुल्कबाट ३ लाख ३९ हजार आम्दानी भएको छ। आजीवन सदस्यका लागि १५ हजार रुपैयाँ तोकिएको छ। गत आवमा आन्तरिक राजस्व कार्यालय, बाग्लुङलाई १७ लाख ३० हजार रुपैयाँ राजस्व बुझाएको कार्कीले बताए। त्यसैगरी, आम्दानीको २५ प्रतिशत बेनी नगरपालिकालाई दिइन्छ। गत आवमा १५ लाख ७३ हजार कुण्ड व्यवस्थापन समितिले बेनी नगरपालिकालाई उपलब्ध गराएको छ।

» बाँकी ३ पेजमा

## कुन–कुन रोगमा हुन्छ उपचार लाभदायक ?

बेनी नगरपालिका–४ तातोपानीमा रहेको तातोपानी कुण्डमा टाउको बाहेक शरीरको सबै भाग पानीमा डुबाइन्छ। बीरेनुन र गन्धकसहितको तातोपानीमा शरीर डुबाउँदा युरिक एसिड, बाथ, ढाडको दुखाई, जोर्नीको दुखाई घुँडाको दुखाई, मोटोपन, छाला तथा नशासम्बन्धी रोग, ग्याष्ट्रिक र चिसोबाट हुने विभिन्न समस्या निको हुने गरेको उपचारमा आएका व्यक्तिहरुको अनुभव छ।

तातोपानी कुण्डको पानीको तापक्रम मुलमा ५० देखि ५३ र कुण्डको तापक्रम ४५ देखि ४८ डिग्री सेल्सियस रहेको छ।

कुण्ड व्यवस्थापन समितिका सचिव कुमार केसीका अनुसार यो कुण्डमा डुबेर उपचार गर्ने प्रचलन कहिलेदेखि सुरु भयो भन्ने तथ्य भेटिएको छैन। जनश्रुतीअनुसार विसं. २००२ सालदेखि यहाँ आएर उपचार गर्ने चलन सुरु भएको थियो। अव्यवस्थित कुण्डलाई व्यवस्थित बनाउने काम २०४२ सालमा तातोपानी कुण्ड व्यवस्थापन समिति गठन भई सुरुवात भएको हो। अहिले समितिको सक्रियतामा व्यवस्थित दुई वटा कुण्ड छन्। बुटवलबाट १ सय ९१ किमीको दुरीमा तातोपानी पर्छ।

## नेपाल विश्वकप छनोटको च्याम्पियन



बुटवल। नेपालले अपराजित रहेर आइसीसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया पेसिफिक छनोटको उपाधि जितेको छ।

शुक्रबार अन्तिम खेलमा सामोआलाई १२४ रनले हराउँदै नेपालले समूह चरणदेखि सुपर सिक्सका सबै खेल जितेर च्याम्पियन बनेको हो।

नेपालले दिएको २१२ रनको विशाल लक्ष्य पछ्याएको सामोआले २० ओभरमा ७ विकेट गुमाएर ८७ रन मात्र बनायो। सिन सोलियाले सर्वाधिक ४० रन बनाए।

नेपालका लागि ललित राजवंशीले ३ विकेट लिँदा करण केसी, सन्दीप लामिछाने र रोहित पौडेलले १-१ विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले आसिफ शेख र दीपेन्द्रसिंह ऐरीको अर्धशतक मद्दतमा २० ओभरमा ४ विकेट गुमाएर २११ रन बनाएको थियो। आसिफले ४१ बलमा ७ चौका र ४ छक्कासहित ६९ रन बनाए। दीपेन्द्रले २ चौका र ४ छक्कासहित ५३ रन बनाए।

लोकेश बमले ११ बलमा ३९ रन बनाएर फिनिसिङ गरे। रोहित पौडेल २१ रनमा अविजित रहे। कुशल भुर्तेलले १७ रन बनाए।

सामोआका लागि डानियल बर्गस, साउमानी ताइ, डारियस भिसर र नोआह मिडले १-१ विकेट लिए।

नेपालले ११ वर्षपछि पहिलोपटक आइसीसीको प्रतियोगितामा कुनै उपाधि जितेको हो। यसअघि सन् २०२३ मा विश्वकप छनोटमा नेपाल फाइनलमा ओमानसँग सुपर ओभरमा पराजित भएको थियो।

पछिल्लो पटक नेपालले सन् २०१४ मा आइसीसी डिभिजन चारको उपाधि जितेको थियो। त्यसअघि सन् २०१० मा डिभिजन ४ को उपाधि जितेको थियो। २०१४ यता आइसीसीको आयोजनामा हुने छनोटलगायतका प्रतियोगिता नेपालले जित्न सकेको थिएन।

नेपालले समूह चरणमा कुवेत र जापानलाई हराएको थियो। कुवेत समूह चरणबाट अघि नबढेकाले जापानसँगको जितको २ अंक बोकेर सुपर सिक्समा पुगेको नेपालले सुपर सिक्सको पहिलो खेलमै यूएईमाथि १ रनको रोमाञ्चक जित निकालेको थियो।

त्यसपछि दोस्रो खेलमा कतारविरुद्ध ५ रनको जित निकालेपछि नेपाल विश्वकपमा छनोट हुने लगभग पक्का भइसकेको थियो। त्यसपछिको खेलमा अनुकुल नतिजा आएपछि नेपाल २ खेल खेल्नुअगावै विश्वकपमा छनोट भएको थियो।

तेस्रो खेलमा ओमानमाथि भने नेपालले ३८ रनको जित निकाल्यो र उपाधिकै नजिक पुगेको थियो।

छनोटबाट नेपाल, यूएई र ओमानले आगामी वर्ष भारत र श्रीलंकामा संयुक्त रूपमा हुने टी-२० विश्वकपको टिकट काटिसकेका छन्।

# चुनावमा भाग नलिने ओलीको घोषणा, दुई उपाध्यक्षको प्रतिवाद



बुटवल। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आगामी २१ फागुनका लागि तय भएको निर्वाचनमा सहभागी नहुने घोषणा गरेका छन्।

केन्द्रीय कमिटी बैठकको समापनमा सम्बोधन गर्ने क्रममा ओलीले अहिले तोकिएको निर्वाचन नहुने जिकिर गर्दै निर्वाचनमा नजाने घोषणा गरेका हुन्। बुधबारबाट सुरु एमाले बैठक शुक्रबार साँझ ओलीले समापन मन्तव्य दिएर सकिएको थियो।

सोही क्रममा उनले निर्वाचनमा सहभागी नहुने घोषणा गरे।

तर, ओलीको उक्त घोषणामा उपाध्यक्षहरू युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्यले प्रतिवाद गरे।

उनीहरूले ओलीको घोषणामा फरक मत राखेपछि केहीबेर हल्लाखल्ला भएको थियो। ओलीले आफ्नो काँधमा जिम्मेवारी भएको भन्दै त्यो पूरा नगरी राजीनामा नदिने प्रष्ट पारेका छन्।

आफ्नो राजीनामाबारे महाधिवेशनमा छलफल गर्ने पनि उनले बताएका छन्।

एमालेले मंसिर २७ देखि २९ सम्म पोखरामा गर्ने निर्णय गरेको छ। अहिले तोकिएको निर्वाचन नहुने उनको जिकिर थियो। ओलीले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरणको माग गर्नेहरूलाई कोही पनि माइती बनेर आउन नपर्ने बताए।

साथै, उनले बरु भण्डारीले आएर सघाउनुपर्ने समेत जनाए। ओलीले वर्तमान सरकार आफूलाई पक्राउ गरेर थुन्न लगातार प्रयासमा लागेको आरोप लगाएका छन्।

उनले गृहमन्त्री ओमप्रकाश अर्याल आफूलाई थुन्नका लागि लगातार छलफलमा रहेको बताए।

'केपी ओलाई कसरी थुन्न सकिन्छ भनेर गृहमन्त्रीले सल्लाह र छलफल गर्नुभयो, कहीँकतै केही भेटिएन' ओलीले बैठकमा भने-'हिजो जेनजीहरूले मान्दै मानेनन्। केपी ओलीलाई त जसरी पनि थुन्नुपर्छ भनेर सरकार लगातार प्रयासमा छ।'

जेनजीहरूले आफूहरू दलविरुद्ध नभएको बताएको भन्दै उनले भने-'साथीहरूले नरम भाषा बोल्नुस् भन्नु भएको छ। यसमा चिनी थपिदिनु ?'

उनले पार्टीभित्रका कुराहरू बाहिर नल्याउन र पार्टीमै छलछफल गर्न पनि नेताहरूलाई आग्रह गरे।

एमालेका सचिव गोकर्ण विष्टले पार्टीमा दुई कार्यकालको प्रावधान राख्नुपर्ने बताएका छन्।

उनले नेतृत्वमाथि प्रश्न उठाउनै हुँदैन भन्ने कुरा पार्टीलाई कमजोर बनाउने विषय भएको बताए।

उनले बरु प्रधानमन्त्री, मन्त्रीको पनि कार्यकाल तोक्ने तर पार्टी नेतृत्वको भने कार्यकाल हटाउन नहुने बताए।

'अध्यक्षको दुई कार्यकाल भन्ने प्रावधान राखौं। मन्त्री, प्रधानमन्त्रीहरूको पनि कार्यकाल तोकौं। आवश्यक पर्छ भने म पनि त्याग गर्न तयार छु। दुई कार्यकालको व्यवस्था नहटाऔं।'-विष्टले बैठकमा भने।




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

पाहुर



२०८२ कात्तिक ०१ गते, शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

"जीवनप्रति अर्थपूर्ण दृष्टि राख्नु र आस्थावान हुनु नै जीवनको मूल्य हो ।"

– पारिजात

## क्लासिक कथा

# इभान इल्यीचको मृत्यु– १

**लेभ तोल्सतोइ**

*(१९औं शताब्दीका महान् साहित्यकार लेभ तोल्सतोइको कथा र उपन्यासहरू अहिले पनि संसारभर उत्तिकै श्रद्धा र रुचिपूर्वक पढिन्छ । नेपालमा पनि तोल्सतोइ पाठकहरूमाझ अझै रुचिका लेखक हुन् तर नेपाली भाषामा उनका रचनाहरूको अप्राप्यताले गर्दा धेरै पाठकहरूलाई कठिनाई महसुस हुन्छ । लेभ तोल्सतोइका केही प्रसिद्ध रचनाहरू सोभियतकालमा नेपालीमा अनुवाद भएको थियो तर ती बजारमा दुर्लभप्राय छन् । सन् १९८४ मा रादुगा प्रकाशनले 'लेभ तोल्सतोइः कथा-कहानी' शीर्षकमा छ वटा कथाको संकलन प्रकाशन गरेको थियो । ती सबै कथाका अनुवादक कृष्णप्रकाश श्रेष्ठ हुनुहुन्थ्यो । उक्त संग्रहमा 'दुई हुस्सार', 'पारिवारिक सुख', 'खोल्स्तोमेर', 'इभान इल्यीचको मृत्यु', 'क्रुजर सनेट' र 'नाच सकिएपछि' कथाहरू संकलित छन् । पाहुरका पाठकलाई क्लासिक रचनासँग परिचित गराउने उद्देश्यले उक्त संग्रहबाट यो कथा साभार गरिएको छ । कथा भनेतापनि लघु उपन्यासको आकारमा लेखिने रुसी कथाहरूको विशेषता हो । त्यसैले कथालाई भाग भागमा प्रकाशन गरिएको छ ।)*

१.

न्यायालयको विशाल भवनमा मेल्भिन्स्कीहरूको मुद्दाको सुनुवाइ भइरहेको थियो । मध्यान्तरको समयमा सरकारी अभियोक्ता र न्याय परिषद्का सदस्यहरू इभान एगोरोभिच शेवेकको कोठामा पसे । क्रासोभको प्रख्यात मुद्दाको बारेमा कुरा चल्यो । त्यो मुद्दा अदालतको अधिकार-क्षेत्रभित्र गर्दैन भन्ने सिद्ध गर्न फ्योदोर भासिल्येभिच निकै तात्तिइरहेको थियो भने इभान एगोरोभिच चाहिं आफ्नै कुरामा अड्डी लिइरहेको थियो । परन्तु प्योत्र इभानोभिच चाहिं यस बहसमा शुरुदेखि नै भाग नलिएर भर्खरै आएको ताजा अखबार 'भेदोमोस्ती' पल्टाउँदैथियो ।

"महाशय हो !" – उसले भन्यो । "इभान इल्यीच त खुस्किहालेछ !"

"साँच्चै ?"

"यी ! पढ्नोस् ल !"– उसले फ्योदोर भासिल्येभिचलाई छापाखानोको गन्ध अझै आइरहेको ताजा अखबार दिँदै भन्यो ।

कालो घेराभित्र त्यसमा छापिएको थियोः 'प्रस्कोभ्या फ्योदोरोभ्ना गोलोभिना आफ्ना नाताकुटुम्ब र इष्टमित्रलाइ गतः ४ फरवरी, १८८२ का दिन आफ्ना प्यारा पति, न्यायिक समितिका सदस्य इभान इल्यीच गोलोभिनको स्वर्गारोहण भएको दुःखद समाचार दिन्छिन् । अन्यष्टिक्रिया शुक्रवार दिउँसो एक बजे सम्पन्न गरिनेछ ।'

इभान इल्यीच तिनै सज्जनहरूको साथमा काम गर्थे जो त्यहाँ जम्मा भएका थिए । उनी सबैका प्रियपात्र थिए । उनी कैयन् हप्ता यतादेखि थला परेका थिए र उनको रोगको कुनै उपचार हुन सक्तैन भन्ने कुरा सुन्नमा आउँथ्यो । उनको जागीर त सुरक्षित नै राखिएको थियो, परन्तु क्यै गरी उनको देहान्त भैहालेछ भने उनको पदमा अलेक्सेएभ र अलेक्लेएभको ठाउँमा चाहिं भिन्निकोभ या श्ताबेल नियुक्त गरिनेछन् भन्ने गाइँगुइँ चलेको थियो । त्यसैले गर्दा इभान इल्यीचको मृत्युको खबर सुन्नेबित्तिकै कोठामा उपस्थित सज्जनहरूमध्ये प्रत्येकको मनमा यस मृत्युले उनीहरूको आफ्नै वा उनका परिचित व्यक्तिहरूको नौकरीमा के कस्तो हेरफेर र तरक्की हुनेछ भन्ने नै पहिलो विचार उब्जेको थियो ।

फ्योदोर भासिल्येभिच सोच्दैथियोः 'अब त पक्कै पनि मैले श्ताबेल या भिन्निकोभको ठाउँमा बहाली पाउनेछु । धेरै पहिले नै मलाई यसको वचन पनि दिइएको छ । यदि यो पदमा मैले नियुक्ति पाउन सकें भने मेरो तलब पनि आठ सय रुबल बढ्नेछ र यसको अतिरिक्त मसलन्द खर्च पनि चलाउन पाइनेछ ।'

प्योत्र इभानोभिच मनमनै विचार गर्दैथियाः 'मेरो सालालाई कालुगाबाट यहाँ सरूवा गरियोस् भनेर तुरुन्तै निवेदन दिनु ठीक होला । मेरी पत्नी खूबै रमाउली । उसका नातेदारहरूको लागि मैले केही पनि गर्नेगरेको छैन भनेर त अब उसले गुनासो गर्न पाउनेछैन ।

"बडो दुःखको कुरा हो ! यस रोगले उनलाई थल्याएको थल्यायै पार्नेछ भन्ने त मलाई पहिलेबाटै थाहा थियो ।"– प्योत्र इभानोभिचले सबैले सुन्ने गरी भन्यो ।

"आखिर उनको रोग के थियो नि ?"

"डाक्टरहरूले कुनै निधो नै गर्न सकेनन् । रोगको निदान त गरे, तर सबैले अलग अलग ! अन्तिमपल्ट जब त उनलाई भेट्न गएको थिएँ, उनलाई बिसेक भैरहेको जस्तो मलाई लागेको थियो ।"

"उत्सवको छुट्टीपछि त मैले उनीकहाँ आज जाउँला, भोलि जाउँला भन्दाभन्दै जानै पाइनँ ।"

"घरको हालत कस्तो थियो नि उनको ?"

"उनकी धर्मपत्नीसँग चाहिं थोरबहुत सम्पत्ति छ क्या रे ! तर त्यो ज्यादै नगण्य छ !"

"जे होस्, त्यहाँ जानैपर्ला ! धेरै टाढा पो बस्छन् त !"

"तपाईंकहाँबाट टाढा पर्छ भन्नोस् न बरु ! तपाईं कहाँबाट जे पनि त टाढै छ !"

"मेरो घर नदीपारि पर्ने हुँदा मलाई माफ गर्न चाहँदैनन् !"– शेबेकतर्फ हेरेर मुसुमुसु हाँस्दै प्योत्र इभानोभिचले भन्यो । अनि त शहरको लामो लामो दूरीको बारेमा चर्चा चल्न थाल्यो र त्यसपछि सबै नै कचहरीतर्फ लागे ।

मृत्युको खबर थाहा पाइएपछि क-कसले तरक्की गर्नेछन् र के कस्तो अदलीबदली हुनेछ भन्ने विषयमा नाना थरीका अडकलबाजी त पक्कै पनि लगाइने नै भए । यसको साथ-साथै एक सुपरिचित व्यक्तिको मृत्युबाट, जस्तो कि सधै हुनेगर्छ, सबैको भित्री मनमा चाहिं मृत्यु भयो त उसको मित्रको भयो, उसको आफ्नै चाहिं होइन भन्ने विचारले एक किसिमको खुशीको भावना पनि संचार भइरहेको थियो ।

'अरे, मरेछ ! तर म त बाँचेकै छु ।'– हरेकको मनमा यही भावना उठिरहेको थियो । अनि इभान इल्यीचका निकटतम परिचितहरू, तथाकथित मित्रहरू चाहिं अनायासै के पनि सोचिरहेको थिए भने अब उनीहरूले एउटा उराठलाग्दो कर्तव्य पनि पूरा गर्नुपर्नेछ, शिष्टाचारको ख्याल राखेर अन्त्येष्टी क्रियामा पनि सामेल हुनैपर्नेछ र विधवा कहाँ गएर समवेदना पनि प्रकट गर्नैपर्नेछ ।

फ्योदोर भासिल्येभिच र प्योत्र इभानोभित्र त यस परिवरका सबभन्दा घनिष्ठ मित्र नै भए । ल-कलेजमा पढ्दा प्योत्र इभानोभिच इभान इल्यीचको सहपाठी थियो र धेरै कुराको लागि उनीप्रति आफूलाई आभारी पनि ठान्नेगर्थ्यो ।

साँझको खाना खाने बेला उसले आफ्नी पत्नीलाई इभान इल्यीचको मृत्युको खबर सुनायो र उसको भाइ पनि सरुवा भएर त्यसै जिल्लामा आउने सम्भावनाको पनि ढाडस दिलायो । त्यसपछि सधैं जस्तो पल्टेर आराम लिनुको सट्टा उसले आफ्नो फ्रक-कोट लगायो र इभान इल्यीचको घरतर्फ लाग्यो ।

इभान इल्यीचको घरको ढोकैनेर एउटा बग्गी र दुइटा गाडाहरू उभिएका थिए । तल घरको दलानमा ओभरकोट र बरसाती टाँग्ने खुटीको नजिकै शवपेटिकाको ढकनी भित्तामा ठड्याएर राखिएको थियो । त्यो ढकनी पुष्पमाला र सुनौला रेशमी फीताले सिंगारिएको थियो । कालो लुगा लगाइराख्ने दुई जना महिलाहरू आफ्ना भुवादार कोट फुकाल्दैथिए । तीमध्ये एउटीलाई प्योत्र इभानोभिच चिन्दथ्यो । त्यो इभान इल्यीचकी बहिनी थिई । अर्को महिलालाई ऊ पटक्कै चिन्दैनथ्यो । त्यसै बखत प्योत्र इभानोभिचको ऊ पटक्कै चिन्दैनथ्यो । त्यसै बखत प्योत्र इभानोभिचको एक जना साथी माथिबाट ओर्लिरहेको देखियो । उसको नाम श्वार्ज थियो । प्योत्र इभानोभिचलाई भित्र पसिरहेको देख्नेबित्तिकै त्यो टक्क अडियो र यस किसिमले आँखा झिम्क्यायो, मानौं ऊ भनिरहेको होस्: "देख्यौ ? इभान इल्यीच त हिंडिहाल्यो ! तिमी-हामी त अझै सास फेर्दैछौ !"

बेलायती छाँटको गालेजुँगा पालिएको श्वार्जको अनुहार र फ्रक-कोट लगाइराखेको उसको दुब्लो-पातले जीउमा सधैंको जस्तै आज पनि एक खास किसिमको स्फूर्ति र भव्यता झल्कन्थ्यैं । त्यो सजधज र उसको स्वभावगत चंचलतामा कुनै तालमेल बसेको हुँदैनथ्यो, तै पनि त्यतिखेर चाहिं विशेष आकर्षक लागिरहेको थियो । जे होस्, प्योत्र इभानोभिचलाई चाहिं यस्तै लागिरहेको थियो ।

प्योत्र इभानोभिचले एकातिर पन्छिएर महिलाहरूको लागि बाटो छोडिदियो र उनीहरूको पछि लाग्दै बिस्तारै भरेङ चढ्न थाल्यो । श्वार्ज त्यहीं माथि उभिएर उसको प्रतीक्षा गर्दैथियो । प्योत्र इभानोभिचले उसको मनसाय बुझिहाल्यो । जरुर पनि ऊ आज साँझ कहाँ बसेर तास खेल्ने हो भन्ने पक्कापक्की गर्न चाहन्थ्यो । महिलाहरू विधवालाई भेट्न भनेर भित्र पसे । श्वार्जका ओठहरूमा गम्भीरताको भाव झल्कन्थ्यो भने आँखामा चाहिं चंचलता खेलिरहेको थियो । उसले आफ्ना आँखिभौं खुम्च्याएर मृतक कुन कोठामा राखिएको छ भन्ने संकेत दिइहाल्यो ।

प्योत्र इभानोभिच कोठामा पस्यो । उसले के गर्नुपर्ने हो भन्ने उसलाई थाहा नै भइरहेको थिएन, जस्तो कि अक्सर यस्तो मौकामा हुन्छ नै । यस्तो बेलामौकामा छातीनेर क्रसको चिन्ह बनाउन सकिन्छ भन्ने उसलाई थाहा नभएको होइन । तर शिर झुकाउनुपर्ने हो कि होइन भन्ने चाहिं उसलाई यकीन हुन सकेन । यसै कारणले गर्दा उसले बीचको बाटो रोज्यो । कोठामा पस्नेबित्तिकै उसले क्रसको चिन्ह बनयो र टाउको पनि अलिकति झुकाइदियो । यसको गर्दागर्दै उसले भ्याउञ्जेलसम्म कोठामा चारैतिर नजर पनि दौडाइहाल्यो । दुई जना तन्नेरीहरू, जो सम्भवतः इभान इल्यीचका भतीजा थिए र जसमध्ये एक जना चाहिं विद्यार्थी पनि थियो, बाहिर निस्कने तरखर गर्दै क्रसको चिन्ह बनाउँदैथिए । एउटी बुढिया ठिङ्ग उभिइरहेकी थिई । उसको छेवैमा अर्की एउटी आइमाई अनौठो पाराले आँखिभौं उचाल्दै उसको कानैमा केही खासखुस गर्दैथिई । लम्बाकोट लगाइराख्ने एक जना फूर्तिलो र आँटिलो पादरी ठूलो स्वर निकालेर पाठ गर्दैथियो । कसैको विरोध उसलाई सह्य हुन सक्दैन भन्ने त उसको लेग्रोतनाइबाट नै छर्लङ्ग भैरहेको थियो । भण्डारकोठाको रेखदेखकता गेरासिम हलुका पाइला सार्दै प्योत्र इभानोभिचको सामुन्नेबाटै गुज्रेर गयो । ऊ भुइँमा केही गर्दै पनि थियो । उसलाई देख्नेबित्तिकै लाश गलेर केही गन्हाउन समेत थालिसकेको जस्तो प्योत्र इभानोभिचले अनुभव गर्‍यो । अन्तिमपल्ट जब ऊ इभान इल्यीचसित भेट गर्न आएको थियो, त्यतिखेर उसको कोठामा यसै मान्छेलाई उसले देखेको थियो । ऊ बिरामी-कुरुवा भएर बसेको थियो र इभान इल्यीच उसलाई विशेष मन पनि पराउँथे । प्योत्र इभानोभिच बारम्बार क्रसको चिन्ह बनाउँदैगइरहेको थियो र शवपेटिका, पादरी तथा एक कुनाको टेबुलमा राखिएका देवप्रतिमाहरूको दिशातर्फ अलिकति झुक्ने पनि गर्थ्यो । केही समयपछि चाहिनेभन्दा पनि बढी पटक क्रसचिन्ह बनाइसकेको जस्तो उसलाई लाग्न थाल्यो र ऊ ठिङ्ग उभिएर मृतकको अनुहारतर्फ एकटक लगाएर हेर्न थाल्यो ।

सबै मृतकहरू जस्तै यो पनि शवपेटिकामा राखिएका तकियाहरूको बीचमा धसिएको जस्तो देखिन्थ्यो र ज्यादै नै बोझिलो लागिरहेको थियो । हात-खुट्टा कक्रक्क परेका थिए, टाउको सदाको लागि अगिल्तिर झुकेको देखिन्थ्यो, ललाट पहेंलो मैनबाट बनेको जस्तो लाग्थ्यो, भित्र धसिएका कन्चट चम्किरहेका थिए । अगिल्तिर चुस्स उठेको नाकले माथिलला ओंठलाई थिचिरहेको जस्तो प्रतीत हुन्थ्यो । इभान इल्यीचमा ठूलो हेरफेर आइसकेको थियो । अन्तिमपल्ट प्योत्र इभानोभिच जतिखेर उनलाई भेट्न आएको थियो त्यतिखेर उनी यति दुब्ला देखिंदैनथे । तैपनि सबै मृतकको जस्तै गरी उनको मुखाकृति ज्यादै सुन्दर देखिन्थ्यो अर्थात् अति नै महत्त्वपूर्ण लाग्थ्यो । जिउँदो रहँदासम्म उनी यस्तो कहिल्यै पनि देखिएका थिएनन् । उनको अनुहारमा यस्तो भाव झल्कन्थ्यो, मानौं उनी भनिरहेका होउन्ः 'जे जति मैले गर्नुपर्ने थियो सो गरिएको छ र जे जति गरिएको छ सो राम्रै गरिएको छ ।' यसको अतिरिक्त यस्तो भान पर्थ्यो, मानौं उनी जीवित मान्छेहरूको निन्दा गरिरहेका होउन् वा उनीहरूलाई नसीहत दिइरहेका होउन् । प्योत्र इभानोभिचलार्य यो नसीहत अलि असंगत जस्तो लागिरहेको थियो । जे भए तापनि आफूसित त यसका कत्ति पनि सम्बन्ध छैन भन्ने ऊ ठान्दैथियो । ऊ अलि अप्ठेरो पनि अनुभव गर्न लाग्यो । तसर्थ उसले फेरि एकपल्ट झपट क्रसको चिन्ह बनायो र कोठाबाट बाहिर निस्कियो । आफ्नो यस्तो हतपत स्वयं उसैलाई पनि ज्यादै अशिष्ट लागिरहेको थियो । बगलको कोठामा श्वार्ज उसैको प्रतिक्षामा थियो । ऊ गोडा फराकिलो पारेर उभिइरहेको थियो र पीठपछिल्तिर दुवै हातले आफ्नो टोप खेलाइरहेको थियो । उसको हट्टाकट्ठा, स्फूर्तिलो र रवाफिलो जिउमा एक नजर पर्नेबित्तिकै प्योत्र इभानोभिचमा फेरि उमंग जागेर आयो । श्वार्ज यी सबै कुराहरूबाट माथि उठिसकेको छ र ऊ कहिल्यै पनि आफूलाई खिस्रिक्क पर्न दिन्न भन्ने प्योत्र इभानोभिचले बुझिहाल्यो । उसको सारा भावभंगिमाले फगत् एउटै कुरा भनिरहेको थियोः 'इभान इल्यीचको अन्त्येष्टि यस्तो कुनै ठूलो घटना होइन जसको लागि हामीले आफ्नो दैनिक बैठक नै स्थगित गर्न परोस् ! आज साँझपख पनि नियमित रूपमा बैठक जम्नेछ, तासका नयाँ पत्तीहरू पनि खोलिनेछन् र टहलुवाले चारवटा सग्ला मैनबत्ती पनि ठड्याउनेछ । यसैउसले यस घटनाले आजको साँझ पनि रमाइलै वातावरणमा बिताउन बाधा पुऱ्याउनेछ भन्ठान्ने कुनै कारण छैन ।' कोठाबाट बाहिर निस्किरहेको प्योत्र इभानोभिचको कानमा श्वार्जले यो कुरा सुट्ट भन्यो र फ्योदोर भासिल्येभिचकहाँ हुने जमघटमा भाग लिने निम्तो पनि दियो । परन्तु त्यस साँझ रमझम गर्ने कुरा प्योत्र इभानोभिचको भाग्यमा लेखिएको रहेनछ । प्रस्कोभ्या फ्योदोरोभ्ना अरु केही महिलाहरूको साथमा ठीक त्यसै बेला आफ्नो एकान्त कोठाबाट निस्किन् । उनी होचो कदकी मोटीघाटी महिला थिइन्, उनको जिउ माथिभन्दा तल झन्झन् फैलिंदै गएको थियो, यद्यपि यसको उल्टो परिणाम प्राप्त गर्न उनले सकभर कोशिश गरेकी थिइन् । उनले कालो लुगा लगाइराखेकी थिइन् र टाउकोमा जालीदार रुमालको घुम्टो हालेकी थिइन् । उनको आँखिभौं पनि शवपेटिकाकाको सामुन्ने उभिएकी आइमाईको आँखिभौं जस्तै अनौठो पाराले माथितिर फर्केको थियो । उनले अरु महिलाहरूलाई पनि मृतक राखिएको कोठाको ढोकासम्म डोऱ्याइन् ।

"अहिले दिवंगतको लागि प्रार्थना हुनेछ । कृपया भित्र पाल्नोस् !"–उनले भनिन् ।

स्वार्ज अलि झुकेर त्यहीं नै टक्क अडियो । उसले यो अनुरोध न स्वीकार गऱ्यो, न त ठुकरायो नै । प्योत्र इभानोभिचलाई देख्नेबित्तिकै प्रस्कोभ्या फ्योदोरोभ्नाले उसलाई चिनिहालिन् र लामो सुस्केरा हाल्दै उसको छेउमा पुगिन् ।

"तपाईं त इभान इल्यीचका सच्चा मित्र हुनुहुन्छ ।...मलाई थाहा छ ।"–उसको हात समातेर उनले भनिन् र यसको कुनै उचित प्रतिक्रिया जनाइनेछ भन्ने आशाले उसको मुखतर्फ ताक्न लागिन् ।

प्योत्र इभानोभिचलाई के थाहा थियो भने जसरी कोठाभित्र मृतकको अगिल्तिर क्रस-चिन्ह बनाउनुपर्थ्यो त्यसरी नै यहाँ विधवाको हात बिस्तारै मिचेर लामो सास फेरेर भन्नुपर्थ्योः "म तपाईंलाई पक्का विश्वास दिलाउँछु ।..." उसले यस्तै गऱ्यो पनि । यति गरिसकेपछि त्यसको वाञ्छित असर पनि परेको छ भन्ने उसले अनुभव गऱ्यो । उसको मन ढुक्क भयो र विधवा पनि आश्वस्त भइन् ।

"तपाईंसँग एउटा कुरा गर्नुछ ! पाल्नोस्, प्रार्थना सुरु हुनुभन्दा पहिले नै कुरा गरिहालौं । मलाई हातको सहारा दिनोस् त !"– विधवाले भनिन् ।

प्योत्र इभानोभिचले आफ्नो हात पसारिदियो र दुवै जना भित्री कोठामा पसे । श्वार्जको बगलनेरबाट गुज्रेर जाँदा उसले प्योत्र इभानोभिचलाई आँखा झिम्क्याएर इशारा गऱ्यो, मानौं ऊ आफ्नो निराशा जनाउँदै होस्ः 'ल, खेल्नोस् अब तासको खेल ! तपाईंको सट्टा अर्को व्यक्तिलाई खोज्यौं भने दुःख नमान्नुहोला ! यहाँबाट छुट्टी पाइनासाथै सरासर उतै आउनुहोला । खेलमा पाँच जना भए पनि केही आपत्ति छैन !'

प्योत्र इभानोभिचले अझ लामो र विषादयुक्त सुस्केरा हाल्यो । प्रस्कोभ्या फ्योदोरोभ्नाले चाहिं यसको लागि कृतज्ञता जनाउँदै उसको हात दबाइन् । कोठामा पुगेर उनीहरू दुवै जना एउटा टेबुलनेर बसे । भित्तामा गुलाफी रंगको छिटको कपडा टाँसिएको त्यस कोठामा एउटा मधुरो बत्ती धिपधिप बलिरहेको थियो । विधवा सोफामा बसिन् भने प्योत्र इभानोभिच चाहिं एउटा कमानीदार गद्दा हालिएको मेचमा बस्यो । गद्दाको स्प्रिंग भाँचिएको थियो र उसको शरीरको बोझ त्यसमाथि पर्नेबित्तिकै मेच एकातिर कोल्टे पर्न गयो । प्रस्कोभ्या फ्योदोरोभ्नाले त पहिलेबाटै उसलाई सावधान गराउन चाहेकी थिइन् र त्यस मेचमा नबसेर अर्को मेचमा बस्नको लागि इशारा गर्न आँटेकी थिइन्, परन्तु आफ्नो अवस्थालाई ख्यालमा राख्दा यस्तो गर्नु असुहाउँदो ठानेर विचार फेरिन् । त्यस मेचमा बस्दाबस्दै प्योत्र इभानोभिचलाई कुन कुराको सम्झना भएर आयो भने इभान इल्यीचले यो बैठककोठा सजाउन लाग्दा हरियो बेलबुट्टा भएको यसै गुलाफी छीटको कपडाले भित्ता सिंगार्ने प्रश्नमा उससँग पनि सरसल्लाह मागेका थिए । सोफामा बस्न भनेर टेबुलनिरैबाट अगाडि जान लाग्दा विधवाको जालीदार घुम्टोको फेर टेबुलको कापमा अड्कियो (हुन पनि बैठककोठा मेच-कुर्सी र यस्तै थरी थरीका सरसामानहरूको खचाखच भरिएको थियो) । त्यसलाई फुस्काउन भनेर प्योत्र इभानोभिच आफ्नो आसनबाट अलिकति उठ्यो । बोझ हट्नासाथै कमानी पनि तक्यो र उसलाई जोडले धकेलिदियो । विधवा आपै आफ्नो घुम्टोको फेर निकाल्न लागिन् र प्योत्र इभानोभिच चाहिं विद्रोही कमानीलाई दबाउँदै एकपल्ट फेरि थच्च बस्यो । तर विधवाले आफ्नो पछ्यौराको फेर पूरा निकाल्न सकेकी थिइनन्, त्यसैले प्योत्र इभानोभिच फेरि अलिकति उठ्यो र कमानी फेरि उफ्रेकोले उसलाई झट्का लाग्यो । घुम्टोको फेर निस्केपछि विधवाले एउटा सेतो रेशमी रूपाल झिकिन् र रुन लागिन् । घुम्टोको फेर अल्झेको घटना र कमानीको विरुद्ध संघर्षले गर्दा प्योत्र इभानोभिको सारा उत्साह चिसिइसकेको थियो र त्यसैले गर्दा ऊ नाक खुम्च्याएर बसिरहेको थियो । यस अप्ठेरो स्थितिबाट इभान इल्यीचको टहलुवा सोकोलोभले छुटकारा दियो । उसले कोठामा प्रवेश गऱ्यो र कब्रिस्तानमा जुन ठाउँ प्रस्कोभ्या फ्योदोरोभ्नाले रोजेकी छिन् त्यसको लागि दुई सय रुबल तिनुपर्नेछ भन्ने सूचना दियो । विधवा सुँक्क सुँक्क रोइन् र बलिको बोकोको नजरले प्योत्र इभानोभिचतर्फ पुलुक्क हेरिन् । अनि आफूले कैयौं कठिनाइहरूको सामना गर्नुपरिरहेको कुरा फ्रेन्च भाषामा बताइन् । प्योत्र इभानोभिचले मुखले त केही पनि बोलेन, तर यस्तो पक्का विश्वास झल्काउने मौन संकेत गऱ्यो जसको अर्थ मात्र यही हुन्थ्योः 'खैर, यस्तो त हुने नै भयो ।'

"चुरोट खाने मन भए खानुभए पनि हुन्छ !"– विधवाले अत्यन्त दुखित तर उदार स्वरमा भनिन् र सोकोलोभसँग चिहानको लागि चाहिने जग्गाको मोलतोलबारे कुरा गर्न लागिन् । प्योत्र इभानोभिचले चुरोट सल्कायो । चिहानको लागि कुन कुन ठाउँको जग्गा कति कति मोलका छन् भन्ने एक एक गरेर विधवाले सोधपूछ गरिन् र त्यो चाहिं जग्गा पनि रोजिन् जुन किन्नु जरुरी थियो । चिहानको लागि ठाउँ रोजिसकेपछि उनले भजनमण्डलीको सम्बन्धमा पनि खटनपटन गरिन् । त्यसपछि सोकोलोभ बाहिर निस्कियो ।

"जे कुरा पनि मेलै आफैं गर्नुपर्छ !"– उनले भनिन् र टेबुलमा थुप्रिरहेका अल्बमहरूलाई एकातिर पन्छ्याइदिइन् । अनि प्योत्र इभानोभिचको चुरोटबाट खरानी टेबुलमा झर्नै आँटेको देखेर झटपट उठेर एउटा एसट्रे अगिल्तिर राखिदिइन् ।

"शोकको कारणले गर्दा आफ्नो व्यावहारिक काममा ध्यान दिन सक्तिनँ भनेर पत्यार पार्ने कोशिश गर्नु त फगत् स्वाङ मात्रै हुनेछ ।"– उनले अगाडि थपिन् ।– "यदि कुनै चीजले...सान्त्वना नै दिन नसके पनि कमसेकम मेरो ध्यान अन्यत्र हटाइदिन्छु त त्यो सिर्फ के हो भने म उनैको खातिर यो सब गर्दैछु भन्ने भावना !"– उनले फेरि रुमाल झिकिन्, मानौं रुन खोजेकी होउन् ! तर खूब बल गरेर उनले रुन रोकेको जस्तो गरिन् र हलुका तवरले टाउको झटकारेर फेरि बडो गम्भीर पाराले कुरा गर्न लागिन् ।

"एउटा कुरामा मलाई तपाईंको सल्लाह चाहिएको छ ।"– उनले भनिन् ।

प्योत्र इभानोभिच अलिकति झुक्यो, तर ऊ मेचको कमानीले फेरि उधुम मच्चाउन नपाओस् भन्ने कुरामा पनि खूबै सतर्क रहेको थियो ।

"अन्तिम दिनहरूमा उनले ज्यादै दुःखकष्ट भोग्नुपऱ्यो ।"

"ज्यादै संकष्ट पऱ्यो के ?"– प्योत्र इभानोभिचले बल्ल सोध्यो ।

"ज्यादै संकष्ट ! अन्तिम समयतिर त उनी खूब चिच्चाएका थिए । पूरा तीन दिनसम्म उनी लगातार ऐया ! ऐया ! भन्दै कराइरहे । उनको छटपटी असह्य थियो । म बयानै गर्न सक्तिनँः कसरी मैले यो सब सहन गर्न सकेकी हुँला ? तीन तीन कोठा पार गरेर उनको चित्कान कानमा पर्थ्यो । ममाथि कस्तो आपद बज्रिन पुग्यो त्यसको त तपाईं अन्दाज पनि गर्न सक्नुहुनेछैन ।"

"के अन्तिम घडीसम्म नै होशमा थिए त उनी ?"– प्योत्र इभानोभिचले प्रश्न गऱ्यो ।

"हो ! अन्तिम क्षणसम्म नै !"– उनले सुस्त सुस्त भनिन् ।– "मर्नुभन्दा केवल पन्द्र मिनेटअगाडि मात्र उनी हामीहरू सबैसँग बिदाबारी भएका थिए र भलोद्यालाई पनि अगिल्तिरबाट लिएर जाने अनुरोध गरेका थिए ।"

जुन व्यक्तिलाई आफूले सुरुमा एक चुल्बुले र ठटेउलो विद्यार्थीको रूपमा, त्यसपछि एक प्रौढ व्यक्ति र आफ्नो सहकर्मीको रूपमा यति घनिष्ठतापूर्वक चिनका थिए त्यसले यस्तो कष्ट भोग्नुपरेको थियो भन्ने थाहा पाउँदा प्योत्र इभानोभिचलाई ठूलो दुःख लाग्यो, यद्यपि आफू र त्यो विधवा दुवैले नै स्वाङ पारिरहेको पनि उसलाई नराम्रोसँग खट्किरहेको थियो । उसको आँखासामुन्ने फेरि इभान इल्यीचको झझल्को आउन थाल्योः त्यो निधार र माथिल्लो ओंठलाई थिचिराख्ने त्यही नाक । उसलाई आफ्नै निम्ति पनि डर लाग्न थाल्यो ।

उसले मनमनै विचार गऱ्योः 'तीन दिनसम्म असह्य यन्त्रणा र त्यसपछि मृत्यु ! जुनसुकै बेला ममाथि पनि त यस्तो घटना घट्न सक्छ !' अनि एक छिनको लागि ऊ भयभीत भएर स्थम्भित भयो । तब एकाएक-किन हो कुन्नि, कारण त स्वयं उसलाई पनि थाहा छैन– एउटा सामान्य विचार उसको मनमा फुऱ्यो जसले गर्दा उसको मन ढुक्क भयोः 'मरेर गए त इभान इल्यीच नै पो मरेर गए, मेरो त मृत्यु भएको होइन क्या रे ! मेरो त मृत्यु हुनै सक्तैन, न त यस्तो हुनु नै पर्छ । यस्ता नचाहिने कुराहरू सोच्न थालियो भने त मन नै भरंग हुन्छ, तसर्थ यस्तो कुरा विचार गर्नै पनि हुँदैन । श्वार्जको अनुहारबाट नै ज्यादै टड्कारो रूपमा यो कुरा स्पष्ट भइरहेको थियो ।' यस प्रकारको तर्कनाले गर्दा उसको मन फेरि शान्त भइहाल्यो । कहाँसम्म भने इभान इल्यीचको मृत्यु के कसरी भयो भन्ने पनि उसले कोट्याईकोट्याइकन सोध्यो र सारा यथार्थ वर्णन समेत खूब ध्यानपूर्वक सुन्यो, मानौं मृत्यु एक यस्तो दुर्घटना होस् जुन फगत् इभान इल्यीचसँग मात्र घट्न सक्छ–उससँग चाहिं किमार्थ पनि घट्दैन !

इभान इल्यीचले कस्तो भयावह शारीरिक यन्त्रणा भोग्नुपरेको थियो (प्योत्र इभानोभिचलाई इभान इल्यीचको यन्त्रणाबारे त प्रस्कोभ्या फ्योदोरोभ्नामाथि त्यसको असर कस्तो पऱ्यो त्यसबाट मात्र जानकारी हुन गएको थियो) सो सविस्तार बताइसकेपछि मात्र विधवा मुख्य कामकुराको चर्चा गर्न लागिन् ।

"उफ्, प्योत्र इभानोभिच ! कस्तो कष्ट आइपऱ्यो ! कस्तो आपद-विपद बज्रियो ! कस्तो पीर खप्नुपऱ्यो !"– उनले फेरि रुन शुरु गरिन् ।

प्योत्र इभानोभिचले लामो सुस्केरा लियो र विधवाले कतिखेर नाक साफ गर्लिन् भन्ने प्रतिक्षा गर्न लाग्यो । विधवाले नाक साफ गरेपछि उसले भन्न शुरु गऱ्यो– "विश्वास गर्नुस् !..."

विधवा फेरि फतफताउन लागिन् र त्यो चर्चा पनि चलाउन थालिन् जसको बारेमा सम्भवतः उनी प्योत्र इभानोभिचको सल्लाह माग्न चाहिन्थन् । पतिको मृत्युको सन्दर्भमा कुन तरीकाले सरकारी अनुदान प्राप्त गर्न सकिन्छ भनेर उनले सोधपूछ गरिन् । उनी प्योत्र इभानोभिचसँग पेन्शनको विषयलाई लिएर सल्लाह मागिरहेको जस्तो देखाउँदैइन्, तर त्यस आइमाईलाई वास्तवमा यस्ता यस्ता कुराहरूको पनि राम्ररी नै जानकारी छ जुन स्वयं उसलाई समेत थाहा छैन भन्ने छर्लङ्ग देखिरहेको थियो ।

विधवालाई सानोतिने कुराको पनि राम्रो बोध थियो । यस मृत्युको कारणले गार्द सरकारी ढुकुटीबाट कतिसम्म रकम पाउन सकिन्छ भन्ने पनि विधवालाई राम्रै थाहा थियो । त्यतिखेर त उनी फगत् यस्तो तरीका मात्र थाहा पाउने प्रयास गर्दैथिइन् जसको सहायताबाट यो रकम झ बढाउन सकियोस् । यो कसरी सम्भव होला भन्ने विषयमा प्योत्र इभानोभिच खूब गहिरिएर सोचविचार गर्न लाग्यो । केही बेर विचार गरिसकेपछि आफ्नो संवेदनशीलताको परिचय दिने उद्देश्यले सरकारलाई उसले बडो कन्जूस भनेर निन्दा गऱ्यो र यसभन्दा बढ्ता त कसै गरे पनि हात पार्न नसकिने कुरा बतायो । यस्तो कुरा सुनेर विधवाले लामो सुस्केरा हालिन् । यस्तो भान पर्न थाल्यो, मानौं अब यस भेटलाई कसरी समाप्त गर्ने भन्ने उनी सोचविचार गर्न लागेकी होउन् । उसले पनि यसको अड्कल काटिहाल्यो र चुरोट निभाइदियो । अनि आफ्नो आसनबाट उठेर ऊ विधवासँग हात मिलाएर बाहिरी कोठामा निस्कियो ।

भोजनकक्षमा त्यो भित्तेघडी टाँगिएको थियो जुन इभान इल्यीचले विरल वस्तु बिक्री गर्ने पसलमा किनेर रमाउँदै घर ल्याएका थिए । त्यसै कोठामा प्योत्र इभानोभिचको भेट पादरी र अन्य केही परिचित व्यक्तिहरूसँग भयो जो अन्त्येष्टिमा भाग लिन आइपुगेका थिए । त्यहीं नै उसले एक सुन्दरी युवतीलाई पनि देख्यो जो इभान इल्यीचको छोरी थिई । उसले पनि टाउकोदेखि पैतालासम्म नै कालो वस्त्र लगाइराखेकी थिई र उसको बारुले कमर अझ बढी मसिनो देखा परिरहेको थियो । उसको अनुहारमा विषाद, संकल्प र झण्डै झण्डै क्रोधको भाव झल्किरहेको थियो । उसले प्योत्र इभानोभिचलाई यसरी झुकेर अभिवादन गरी, मानौं उसले कुनै घोर अपराध गरेकी होस् ! उसको पछिल्तिर एक सम्पन्न युवक उभिएको थियो । त्यो ज्यादै असन्तुष्ट देखिन्थ्यो । प्योत्र इभानोभिच उसलाई पनि चिन्दथ्यो । ऊ जाँच-इन्सपेक्टर थियो र इभान इल्यीचको छोरीको भावी दुलहा हो भन्ने गाईगुई सुनिन्थ्यो । अभिवादनको उत्तरमा प्योत्र इभानोभिच पनि शोकाकूल मुख पारेर झुक्यो र मृतक राखिएको कोठातर्फ जान मात्रै के खोजेको थियो, उसको नजर भरेङमुख्तिर झल्याक्क एउटा आकृतिमा पऱ्यो । इभान इल्यीचको छोरो त्यहाँ उभिइरहेको थियो जो जिम्नेजियमको छात्र थियो र उसको अनुहार पनि ठ्याम्मै इभान इल्यीचको जस्तै थियो । प्योत्र इभानोभिचलाई झल्यास्स सम्झना भएर आयो– इभान इल्यीच जतिखेर ल-कलेजमा पढ्नेगर्थे, त्यस बेला उनको रूप पनि हुबहु यस्तै थियो । ज्यादा रुनाले उसका आँखा डम्म फुलेका थिए र तेह्र-चौध वर्षका अल्लारे केटाहरूका जस्ता देखिन्थे । प्योत्र इभानोभिचलाई देख्नेबित्तिकै उसले लज्जालु पाराले आँखिभौं खुम्च्यायो र घुरेर हेर्न लाग्यो । प्योत्र इभानोभिचले उसतर्फ टाउको हल्लायो र मृतक राखिएको कोठामा पयो । प्रार्थना पनि शुरु भयो– धुप-दीप र मैनबत्ती, सुँक्क-सुँक्क र आँसु, सुस्केर र हिक्का । प्योत्र इभानोभिच निदाउरो मुख पारेर आफ्नो अगाडि उभिएका मान्छेहरूको गोडातर्फ एकटक लगाईकन हेरिरहेको थियो । एकपल्ट पनि उसले आँखा उचालेर मृतकतर्फ हेरेन । उसले अन्त्यसम्म नै आफ्नो मन बाँधेर राखेको थियो र ऊ त्यस कोठाबाट पनि सबैभन्दा पहिले बाहिर निस्कियो । मटानमा कोही पनि थिएन । भण्डारको रेखदेखकर्ता गैरासिम पनि मृतकको कोठाबाट दगुर्दै तल आर्लियो र आफ्ना जब्बर हातले सबका सब भुवादार ओभरकोटहरू एकातिर फ्याँक्दै प्योत्र इभानोभिचको ओभरकोट खोजेर झिक्यो र उसलाई लगाइदिन थाल्यो ।

"कसो त, भाइ गेरासिम ? तिमीलाई त निकै दुःख लागेको होला, हैन ?"– केही त भन्ने पर्ने ठानेर प्योत्र इभानोभिचले भन्यो ।

"ईश्वरको इच्छा हो, हजूर ! एक दिन सबैले त्यहाँ जानै पर्छ ता!"– गेरासिमले आफ्ना दन्तलहर देखाउँदै जवाफ दियो । उसका दाँत सेता र जस्तो किसानहरूको हुन्छ त्यस्तै जब्बर पनि थिए । अनि उसले काममको खूब चटारो भएको व्यस्त मान्छे झैं झटपट ढोका खोल्यो, कराएर कोचवानलाई डाँक्यो, प्योत्र इभानोभिचलाई बग्गीमा चढाइदियो र उफ्रेर द्वारमण्डपमा कुदिहाल्यो, मानौं हतारहतारमा अर्को कुनै काम गर्नुपरेको होस् !

धूप-दीप, मृत देह र कार्बोलिक एसिडको गन्धपछि बाहिर निस्केर ताजा हावा सास फेर्न पाइएको हुँदा प्योत्र इभानोभिचलाई निकै खुशी लाग्यो ।

"कता मर्जी हुन्छ ?"– कोचवानले सोध्यो ।

"अझै ढीलो भैसकेको छैन । एकछिनको लागि फ्योदोर भासिल्येभिचको घरमा पस्नै पर्ला !"

अनि त्यतैतर्फ ऊ रमाना पनि भयो । त्यहाँ भर्खरै उनीहरूले एक हात मात्र खेल समाप्त गरेका थिए । त्यसैले अर्को हात खेल शुरु हुँदा पाँचौं व्यक्तिको स्थानमा बसेर तास खेल्न प्योत्र इभानोभिचलाई ज्यादै सजिलो पर्न गयो ।

» *(क्रमश...)*

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४

निबन्ध

# मान्छेलाई घडीबाट हानि

**लक्ष्मीप्रसाद देवकोटा**

घडीको आविष्कार हुनुभन्दा अगाडि मनुष्य जातिलाई समयको होश दिने प्रकृति नै थिइन् । आजकलका मान्छेलाई 'कुखुरी काँ' को मोल थाहा छैन । उहिले उहिले यो सिउरदार चरो समय देखाउने चीजहरूमध्येको भाले थियो । त्यस्तै हामी आजकल तारा हेर्दैनौं । तर उहिलेका मान्छेलाई आकाशमा जादू मात्रै थिएन । समयको संकेत पनि थियो । छायाँको अध्ययन बीसौं शताब्दीको नजरमा त्यत्तिको मूल्यवान् छैन जत्तिको घडीअगाडिको युगलाई जँच्दथ्यो । परेवाको कुर्लन र अनेक संकेतहरूबाट समयको विचार गर्न मानिसहरू हामी जस्ता लापरवाही थिएनन् र यो कुरा स्पष्टतया बहसविना मालूम हुन्छ कि घडीको आविष्कारले मनुष्यजातिलाई हानिसिवाय केही गरेन ।

हामीहरूले अब यन्त्रद्वारा प्रकृतिको कार्यक्रमको अध्ययन गर्न सिक्यौं र आफ्ना निमित्त विचार गर्नुभन्दा यन्त्रद्वारा विचार गर्न थाल्यौं । हाम्रो मगजमा मेशीनको अत्याचार बढ्यो र स्वतन्त्र अन्वेषण र प्राप्तिको मोहनीबाट सभ्य मानिस हरहमेशा वञ्चित छ । घडीविना विचार गर्ने व्यासजी बने, घडी लिएर विचार गर्ने लक्ष्मीप्रसाद भनाउँदो । हामी आजकल खियौटे ठेट्ना बनिरहेछौं र हाम्रा मुटुका ढुकढुकी यन्त्रका टिकटिकीसँग तालमा मिल्दछन् । हामी यन्त्र बनाउँछौं, उनीहरू मन्त्र बनाउँथे । जहाँ आधुनिक पुरुषलाई पाङ्ग्रा र कमानीको तालीममा काम गर्नुपर्दछ, पहिलेका मान्छेहरू प्रकृतिका संकेत र सूचनाहरू पाएर विशालको तालीममा काम गर्दथे ।

प्राचीन युगमा मनुष्यहरू त्रिकालदर्शी हुनुका कारण यो एक हुन सक्तछ कि उनीहरू समयलाई यसरी टुक्रा पार्दैनथे र अनन्तको आह्वानलाई सानो टिकटिकीमा परिणत गर्दैनथे । हाम्रो आंशिक दृष्टि छ, उनीहरूको समष्टिरूपको दृष्टि थियो, त्यसैले प्राचीनकालमा ऋषि भए, अर्वाचीनमा छ्यासमिसे । पुराना महात्मा सबको आत्माको माहात्म्य देख्थे, तर आजकलका महात्मा आफ्नै आत्माको महात्म्य देख्तछन् । पहिले-पहिले ऋषिले पलेंटी कसे भने दिन बितेको थाहा पाउँदैनथे, तर एकै छिन समाहित भएर बसें भने मलाई घडी हेर्न मन लाग्दछ । जहाँ घडीको संकेत हुँदैन, त्यहाँ मानव आत्माले अनन्तसँग नाता जोडेको देखिन्छ तर म समयलाई साना-साना टुक्रामा हेरेर दीर्घकालदेखि तर्सन्छु र थोरै क्षणको धैर्यले मेरो नाक फुल्दछ । अनन्तबाट म त्यत्तिकै सधैं दूर छु जत्तिको होश हराएका भारद्वाज समाधिस्थ अवस्थामा मभन्दा माथि देखिन्छन् ।

हामीहरू जीवनलाई सेकेण्डमा बाँडेर टुक्रयाइरहेछौं, ध्येयशून्यताको चक्करमा बाटुला घडीहरूको सुईका यात्रामा समय व्यतीत गरिरहेछौं । हामीहरू छरिइरहेछौं, संकीर्ण हुनु विकीर्ण हुनु हाम्रो सभ्यताको लक्षण हो । हामी एक घडीलाई धेरै देख्तछौं, त्यसलाई साठी मिनेटमा र हरएक मिनेटलाई साठी सेकेण्डमा बाँड्दछौं । हाम्रो आजकल कनिकाकेलाई छ । महान् तत्त्वहरू सेकेण्डका होशमा उफ्रदैनन् र हामीहरू देवताको दिन र ब्रह्माको युगको कल्पना गर्न सक्तैनौं । हामीहरू छोटकरी बनिरहेछौं, खुम्चिरहेछौं, बोका पढ्दछौं, सतह हेर्दछौं, हिसाबको क्षेत्रमा घुम्दछौ, आत्मालाई छाडेर रक्तसञ्चालनका नियमहरू अध्ययन गर्दछौं । मेरो विचारमा त यो घडीहरूकै अत्याचारले भएको हो ।

किनकि आजकल हामीहरू घडीले उठ्तछौं र घडीले बस्तछौं । अध्यापक क्लासमा आउँदा घडी हेरेर आउँछन्, घडी हेरेर जान्छन् । आजकलको विद्या र प्रमाणपत्रका बोक्रेपनमा विचार गर्ने मान्छेले थाहा पाउँछ मानव-आत्मामा घडीको कत्रो अत्याचार छ । पहिले-पहिलेका गुरुहरू हरहमेशा दिनरात शिक्षा दिएर विद्यार्थीको आचार-व्यवहारसमेतमा ध्यान राख्तथे । आजकालका माष्टरजीहरू घडी हेरेर पढाउन बाइकोठे बाटुलमुखेका काला अङ्कहरू गनीगनी पैसा लिन्छन् । विद्याको धारो समयमा खुल्दछ र समयमा बन्द हुन्छ, उपदेशको घडी तौलले खरीद- बिक्री हुन्छ अनि हामी बोक्रे हुनु कुन गजबको कुरा हो र ?

हामीलाई परिश्रमको बाँड सिकाउने घडीको आविष्कार हो । बरु यन्त्रहरूको जेठो दाजु नै घडी हो । हामीहरू हमेशा बेफुरसती छौं, सास फेर्न पाइन्न ! यो स्वाँ स्वाँको युगमा हामी घडीका सुईका १

मार्गप्रदर्शनमा छौं । हाम्रा सुईहरू मूसा दौडेझैं दौडन्छन् । अनि आधुनिक कविहरू किन विलौना नगरून्ः- यो जाबो जीवन के हो, यदि चिन्ताले परिपूर्ण भएर हामीले एकै छिन उभिएर एकोहोरो हेर्नकै फुरसत पाउन्नौं भने ? साँच्ची नै लोखर्केले सुपारी लुकाउने ठाउँ हेर्न हाम्रो फुरसत छैन हामी पैसा-पैसा भनी मरिरहेछौं । घडीले हामीलाई सिकायो कि जीवन व्यापार हो तर एकाग्रीकृत अभिप्राय होइन । हामी टिकटमा दौडिरहेछौं ।

हामी विशालका मुटुको ढुकढुकी सुन्न सक्तैनौं । यो लेख लेख्तालेख्तै मेरो कानमा नजीकको घण्टाघरले चार टङ्कारा प्रहार गर्दछ र टिनटिनाहटले मेरो अफिसको समय सिद्धियो भन्ने असर जनाउ दिन्छ । कति मीठोसँग पाठक महाशयसँग कुराकानी चलिरहेको थियो र अरू कति मीठा कुरा निकालौंला भनेजस्तो लागेको थियो । तर अपशोच, मेरा सहकारीहरू सबै फट्फटाउन लागिसके । घण्टाघरको राज्यमा मानव - मगजलाई यत्तिकै अधिकार छ र बीसौं शताब्दीको लेखको नमूना यही हो ।

विज्ञान

# मानव उद्विकास अध्ययनमा डिएनएको ज्ञान

**डेभिड राइख**

हार्वर्ड विश्वविद्यालयका आनुवंशिक विज्ञानका प्राध्यापक डेभिड राइखले पहिलोपटक सन् २०२० मा प्रकाशन गरेको पुस्तक 'हु वी आर एन्ड हाउ वी गट हियर' (हामी को हौं र यहाँसम्म कसरी आइपुग्यौँ)ले मानव इतिहासबारे स्थापित केही महत्त्वपूर्ण मान्यता एकैपटक भत्काइदिए । तीमध्ये एक थियो, आर्यहरूको आक्रमण सिद्धान्त (आर्यन इन्भेजन थ्यौरी) । उक्त सिद्धान्तको मुल मान्यता थियो( अहिले भारतीय उपमहाद्विपमा रहेका मूल संस्कृतबाट सिर्जित भाषा बोल्ने मानिसहरू करीब तीन हजारदेखि तीन हजार पाँच सय वर्ष पहिले पश्चिम युरेशियाका घाँसे मैदानहरूबाट तत्कालीन सिन्ध घाटी सभ्यतामा आएर त्यतिवेला पहिले नै त्यहाँ रहेका द्रविणभाषी मानिसलाई लडाइँमा जितेर शासन गरेका हुन् । यो सिद्धान्तले शुद्ध आर्य र शुद्ध द्रविणको मान्यता राख्थ्यो । तर, राइखले उक्त पुस्तकमा निष्कर्ष दिए( अहिले भारतीय भूगोलमा बाँचिरहेका मानिसहरू कोही पनि शुद्ध आर्य वा शुद्ध द्रविण होइन । आनुवंशिक अध्ययन मार्फत उनी यस निष्कर्षमा पुगेका थिए । राइखका अनुसार यी दुई मूल जाति (रेस)हरूको डिएनएमा पश्चिम युरोप र पूर्वी एशियाबाट आएका मानिसहरूको वंशाणु मिसिएको छ । त्यसैले शुद्धताको मान्यता भ्रमपूर्ण छ ।

यो निष्कर्षमा पुग्न केकस्तो आनुवंशिक अध्ययन गरियो भन्नेबारे राइखले पुस्तकमा वर्णन गरेका छन् । पुस्तकको पहिलो अध्यायमा भने उनले आनुवंशिक अध्ययन कसरी हुन्छ, त्यो पद्दतिको विकास कसरी भयो र त्यसले के कस्ता नयाँ भ्रम र तथ्यहरू निर्माण गऱ्यो भन्ने व्याख्या गरेका छन् । त्यो वर्णन पढ्नुअघि आनुवंशिक विज्ञानका आधारहरू बुझौँ ।

आनुवंशिक अध्ययन भन्नासाथ डिएनएको अनुसन्धानमार्फत गरिने अध्ययन बुझिन्छ । हाम्रो शरीरमा मूलतः कोषको न्युक्लियसमा रहेको क्रोमोजममा डिएनए हुन्छ । त्यसबाहेक थोरै डिएनए कोषको अर्को तत्व माइट्रोकन्ड्रियामा पनि हुन्छ । यी दुईलाई क्रमशः न्युक्लियर डिएनए र माइटोकन्ड्रियल डिएनए भनिन्छ ।

हरेक मानिसको कोषमा २३ जोडी गरी जम्माजम्मी ४६ वटा क्रोमोजोम हुन्छन् । हरेक जोडी क्रोमोजोम एक्स आकारको हुन्छ जसमध्ये एउटा हाँगा बुवाबाट र अर्को आमाबाट आएको हुन्छ । त्यसैले ४६ वटा क्रोमोजोममध्ये २३ वटाले बुबाको र २३ वटाले आमाको गुण बोकेका हुन्छन् । यी २३ मध्ये २२ जोडी क्रोमोजोमले आँखाको रङ, छालाको प्रकार, कपालको बनावट जस्ता सबै शारीरिक गुण निर्धारण गर्छन् भने एक जोडी क्रोमोजोमले लिंग निर्धारण गर्छ । लिंग निर्धारण गर्ने आमाको क्रोमोजोममा दुवै हाँगा एकै खालका हुन्छन् जसलाई एक्स(एक्स क्रोमोजोम भनिन्छ । बुबाको भने भिन्दाभिन्दै हुन्छन्, एक्स(वाई । आमाको एक्स र बुबाको वाई क्रोमोजोम मिल्यो भने जन्मिने बच्चा छोरा हुन्छ, आमाको एक्स र बुबाको पनि एक्स नै मिल्यो भने छोरी । त्यसैले लिंग निर्धारण गर्ने मुख्य क्रोमोजोम आमाको नभई बुबाको हुन्छ ।

हरेक क्रोमोजोममा डिएनएको लामो शृंखला स्प्रिङ जसरी खाँदिएर बसेको हुन्छ । त्यही डिएनएले नै आनुवंशिक गुण बोकेको हुन्छ । त्यो कसरी भन्ने बुझ्न डिएनएको बनावट बुझ्नुपर्छ । संक्षिप्त रूपमा डिएनए भनिने डिकअक्सिराइबोन्युक्लिक एसिड दुईवटा लहरहरूको बटारिएको संरचना हो, घरमा विद्युत जडान गर्न दुई रङका तारहरू बटारेजस्तै । त्यसको हरेक लहरमा चारवटा रासायनिक ईट्टा (बेस) हुन्छन्ः एडिनाइन (ए), गुएनाइन (जी), साइटोसाइन (सी) र थायमिन (टी) । एउटा लहर फुकाएर हेर्ने हो भने क्रमशः यी रासायनिक अक्षरहरूको लहर देखिन्छ( ए(टी(जी(सी(सी(जी(टी(ए...। यी रासायनिक अक्षरहरूको अवस्थितिको थोरै फरकले सिंगो आनुवंशिक सन्देशमा फरक ल्याउँछ । एक मानिस र अर्को मानिसको डिएनए संरचना ९९.९९ प्रतिशतले उस्तै हुन्छ । बाँकी रहेको एक प्रतिशतको फरकले अनुहार, छालाको रङदेखि सबै शारीरिक विशेषतामा फरक पार्छ । सबै मिल्थ्यो भने त हामी सबै उस्तै देखिन्थ्यौँ । अनि एक अर्को मानिसलाई छुट्याउनै गाह्रो पर्थ्यो ।

कुनै कोषमा हुने सम्पूर्ण डिएनएलाई जिनोम भनिन्छ । त्यही डिएनएको एउटा खण्ड जसले एउटा आनुवंशिक गुणको सन्देश बोकेको हुन्छ, त्यसलाई जिन भनिन्छ । सजिलो भाषामा भन्दा क्रोमोजोम थुप्रै अध्यायहरू भएको एउटा किताब हो भने डिएनए त्यसका पृष्ठहरू हुन् । अनि हरेक अध्यायहरू एउटा जिन । हरेक मानिससँग दुई थरी जिन हुन्छन्ः एकथरी आमाबाट आएका र एथकरी बुबाबाट ।

राइख र उनका सहकर्मीहरूले भारतका ३०० भन्दा बढी भिन्दाभिन्दै जातिय समूहका १८ हजारभन्दा बढी मानिसको डिएनए संकलन गरेर यी जीनहरूको अध्ययन गरेका थिए । त्यही अध्ययनबाट माथिको निष्कर्षमा पुगेका थिए ।

यो लेखको बाँकी खण्ड राइखको पुस्तकको माथि उल्लिखित अध्यायका विभिन्न अंशहरूको अनुवाद हो ।

००००००००

आनुवंशिक विज्ञान (जेनेटिक्स)ले कसरी मानिसको इतिहास बताउँछ भन्ने थाहा पाउन जिनोममा कसरी आनुवंशिक सूचनाहरू संग्रहित हुन्छन् भन्ने बुझ्नुपर्छ । जिनोमलाई आनुवंशिक सूचना (जेनेटिक कोड)को सिंगो संग्रहको रूपमा लिइन्छ ।

सन् १९५३ मा फ्रान्सिस क्रिक, रोजालिन्ड फ्र्यांक्लिन, जेम्स वाट्सन र मरिस विल्किन्सनले करीब ३ अर्ब (३ बिलियन) जोडी रासायनिक ईट्टाहरूको (जम्माजम्मी ६ अर्ब) दोहोरो लहरमा बसेका हुन्छन् भनेर नमुना नै बनाएर देखाए । ती रासायनिक ईट्टाहरू (ब्लक)लाई चारवटा अक्षरले जनाउने गरिन्छः ए (एडिनाइन), सी (साइटोसाइन), जी (गुएनाइन) र टी (थायमिन) । जिन (वंशाणु) चाहिँ यस्ता लहरको एउटा खण्ड हो । सामान्यतः यस्ता खण्डहरू एक हजारवटा रासायनिक अक्षरहरू जति लामा हुन्छन् जसले निश्चित प्रोटिन निर्माण गर्छन् । (जिनमा भएका रासायनिक अक्षरहरूमध्ये हरेक तीन अक्षरले निश्चित एमिनो एसिडको सन्देश बोकेका हुन्छन् । तिनको अवस्थिति अनुसार भिन्दाभिन्दै एमिनो एसिड बन्दै जान्छन् । एमिनो एसिडको लामो शृंखला नै प्रोटिन हो ।) जीनहरूको बीचमा प्रोटिन निर्माणमा कुनै हिस्सा नलिने डिएनए पनि हुन्छ जसलाई ननकोडिङ (सूचनाविहिन) डिएनए भनिन्छ । कहिलेकाहीँ त्यस्ता डिएनएलाई जंक (पत्रु) डिएन पनि भनिन्छ ।

कुनै पनि जिनमा यी रासायनिक अक्षरहरू कसरी बसेका छन् भन्ने थाहा पाउन डिएनएका टुक्राहरूलाई एउटा यन्त्रमा राखेर रासायनिक प्रतिक्रिया गराइन्छ । यसरी प्रतिक्रिया गराउँदा निस्कने किरणहरूको आधारबाट अक्षरहरूको अवस्थिति थाहा हुन्छ । ए, सी, जी र टी अक्षरहरूले रासायनिक प्रतिक्रिया गर्दा बेग्लाबेग्लै रङका किरण उत्सर्जन गर्ने भएकाले यिनीहरूको अवस्थिति थाहा हुन्छ ।

(यहाँनेर बुझ्नुपर्ने अर्को तथ्य पनि छ । डिएनएको एउटा लहरमा रहेका यी रासायनिक अक्षरहरूले अर्को लहरमा रहेका अक्षरहरूसँग रासायनिक सम्बन्ध (बन्ड) बनाएका हुन्छन् । यसरी बन्ड बनाएका दुई अक्षरलाई बेस पेयर भनिन्छ । तर, निश्चित अक्षरले अर्को निश्चित अक्षरसँग मात्रै सम्बन्ध बनाउँछ, ए ले टीसँग र जीले सीसँग वा टीले एसँग र सीले जीसँग । आमा र बुबाबाट आएका दुई लहरहरू एक अर्कोसँगै यही सम्बन्धको विशिष्टताका आधारमा जोडिएका हुन्छन् ।)

बहुसंख्यक वैज्ञानिकहरू यी जीनमा रहेका जीववैज्ञानिक सूचनाहरूमा केन्द्रित हुन्छन् । तर, कहिलेकाहीँ यी डिएनएको शृंखलामा रहेका रासायनिक अक्षरहरूको अवस्थितिमा एकाएक परिवर्तन आउँछ । यस्तो परिवर्तन विगतमा एक पुस्ताबाट अर्को पुस्तामा जिनोम सर्दा हुन्छ जसलाई उत्परिवर्तन (म्युटेसन) भनिन्छ (सन् २०२० मा कोभिड महामारी फैलाउने नोबलकोरोना भाइरस विशुद्ध नयाँ नभई पहिलेदेखि अस्तित्वमा रहेका कोरोना भाइरसमा भएको उत्परिवर्तन थियो ।) । हजार अक्षरमा एउटा वा दुवै जीनमा वा 'जंक' डिएनएमा भएका यस्ता परिवर्तनकै आधारमा उक्त सजिवको इतिहास अध्ययन गरिन्छ । ६ अर्बभन्दा बढी रासायनिक अक्षरहरूमध्ये करीब ३० लाखवटा यस्ता फरकहरू हुन्छन् । जति फरकहरू बढी हुन्छन् त्यति नै त्यो पुस्ता आफ्नो पुर्खाबाट अलग्गिँदै गएको पुष्टि हुन्छ । त्यसैले रासायनिक अक्षरहरूको अवस्थितिमा हुने फरकहरूको घनत्वले इतिहासको कुनै जाति र अहिलेको मानिसबीचको सम्बन्ध कति निकट वा टाढा हो भन्ने जनाउँछ ।

आनुवंशिक विज्ञानको यो प्रविधीलाई मानव जातिको इतिहासबारे अध्ययन गर्न सबैभन्दा पहिला माइटोकन्ड्रियल डिएनएमा प्रयोग गरिएको थियो । माइटोकन्ड्रियल डिएनए जिनोमको निकै सानो अंश हो । कति सानो भने, न्युक्लियर डिएनएमा रासायनिक अक्षरहरू जम्माजम्मी ३ अर्ब जोडी तर माइटोकन्ड्रियल डिएनएमा जम्मा १६ हजार जोडी हुन्छन् ।

यो सानो अंशको एउटा विशिष्टता छ जुन डिएनए केवल आमाबाट छोरी र नातिनीमा सर्दै जान्छ । अर्थात् सिताका दुई सन्तान गिता र श्याम छन् भने गिताको छोरीमा सिताको माइटोकन्ड्रियल डिएनए गएको हुन्छ । श्यामको छोरीमा भने उसको पत्नीको आमाको । त्यसैले माइटोकन्ड्रियल डिएनको अध्ययनले कुनै पनि मानिसको मावली खलकहरूको अध्ययन गर्न सकिन्छ ।

सन् १९८७ मा एलन विल्सन र उनका सहकर्मीहरूले संसारका विभिन्न मानिसहरूको माइटोकन्ड्रिय डिएनएका सयौं अक्षरहरूको शृंखला तयार पारेका थिए । भिन्दाभिन्दै शृंखलामा भएका उत्परिवर्तनहरूको अध्ययन गरेर उनी र उनका सहकर्मीहरूले आमाहरूपट्टिको सम्बन्धको पारिवारिक वृक्ष तयार पारेका थिए ।

त्यसबाट उनीहरूले फेला पारेको तथ्य थियो, त्यो पारिवारिक वृक्षको मूल हाँगो जुन मुख्य काण्डबाट छुट्टिएको थियो, अहिलेको अफ्रिकाको उपसहारा क्षेत्रमा बस्ने मानिसहरूको पुर्खामा मात्रै पाइन्छ । यो तथ्यले दिने सन्देश हो( आधुनिक मानिसका पुर्खाहरू अफ्रिकामा बस्थे । आज अफ्रिकाभन्दा बाहिर बस्ने सबै मानिसहरू भने त्यही हाँगाबाट छुट्टिँदै गएका ससाना हाँगाहरू हुन् ।

सन् १९८० र १९९०का दशकहरूमा भएका पुरातात्विक र आनुवंशिक खोजहरू तथा कंकालहरूको प्रमाणको संश्लेषण गर्न यो खोजले महत्त्वपूर्ण भूमिका खेल्यो । जसबाट एउटा सिद्धान्त निसृत गरियो( आधुनिक मानव लाखौं वर्ष पहिले अफ्रिकामा बस्ने पुर्खाहरूकै सन्तती हो । कुन गतिमा उत्परिवर्तन भएको छ भन्ने आधारमा विल्सन र उनका साथीहरूले सबै हाँगाहरूको सबैभन्दा नजिकको अफ्रिकाली पूर्वज करीब दुई लाख वर्षअघिका थिए भन्ने निष्कर्ष निकाले । मानव उद्विकासको त्यो विन्दुलाई भनियो, 'माइटोकन्ड्रियल इभ' वा 'माइटोकन्ड्रियल साँझ' । पछि गरिएका अध्ययनहरूले सही समय चाहिँ एक लाख ६० हजार वर्षअघि रहेको देखएका छ । तथापी, यो पनि ठ्याक्कै यही समय नै हो भन्न गाह्रो छ किनभने कुन गतिमा उत्परिवर्तनहरू भएका छन् भनेर पत्ता लगाउने काम सजिलो छैन ।

जेहोस्, संसारका सबै मानिसको एउटै पूर्वज थिए भन्ने यो वैज्ञानिक निचोड निकै मानव इतिहास लेखनमा ठूलै प्रभाव पाऱ्यो । यसले उद्विकासको 'बहुक्षेत्रीय सिद्धान्त'लाई खारेज गऱ्यो । उक्त सिद्धान्त अनुसार करीब १८ लाख वर्ष पहिला आजका आधुनिक मानव (होमो सेपियन्स) नभई तिनका पूर्वज होमो इरेक्टस संसारका विभिन्न भागमा फैलिएर विकसित हुँदै गएको हो । होमो इरेक्टस तिनै मानव पुर्खा थिए जो पहिलोपटक सिधा उभिएका थिए, आगो र ढुंगाको हतियार प्रयोग गर्थे, जसको मस्तिष्क हाम्रोभन्दा दुईतिहाई आकारको थियो । बहुक्षेत्रीय सिद्धान्त सही हुन्थ्यो भने आजका आधुनिक मानिसहरूको मूल हाँगो २० लाख वर्ष पहिला छुट्टिएको हुनुपर्थ्यो । तर, आनुवंशिक तथ्यांकहरूले त्यो अनुमान असत्य साबित गरिदिए । माइटोकन्ड्रियल डिएनएले पुष्टि गरेको तथ्य हो, आजका मानिसहरूका साझा पुर्खा अनुमान गरिएभन्दा २० गुणा समय ढिलो मात्रै अफ्रिकाबाट निस्किएका थिए जतिबेला उनीहरू होमो सेपियन्स भइसकेका थिए ।

०००

त्यसोभए होमो सेपियन्सभन्दा पहिला अफ्रिकाबाट मानिसहरू बाहिर निस्केकै थिएनन् त ? त्यस्तो पटक्कै होइन ।

अनि के माइटोकन्ड्रियल इभको सिद्धान्त ध्रुवसत्य हो त ? त्यो पनि होइन ।

त्यसोभए सत्य के हो त ? आनुवंशिक अध्ययनमा अर्को पाटो पनि थपियो, बुबाबाट छोरा हुँदै पुस्तान्तर हुँदै जाने वाई क्रोमोजमको अध्ययन । माइटोकन्ड्रियल डिएनए र वाई क्रोमोजमको अध्ययनबाट आएका निचोडहरूलाई डेभिड राइखले पुस्तकमा थप व्याख्या गरेका छन् । जसका मुख्य निष्कर्षहरू यस्ता छन्ः

( ४० हजार वर्ष अघिसम्म संसारमा होमो सेपियन्स मात्र नभई अरु प्रजातिका मानिसहरू पनि थिए जो शारीरिक रूपले भिन्दै थिए तर सिधा उभिएर हिँड्थे ।

( त्यस्तो किन भएको थियो भने साढे पाँच लाख वर्षपहिलेसम्म मात्र यी सबै मानिसको पूर्वज एउटै थियो जो अफ्रिकामा बस्थे ।

( करीब पाँच लाख वर्षपहिले मानिसका पूर्वजको एउटा हिस्सा अफ्रिकाबाट बाहिरियो जो उत्तरी युरोपतिर गयो । त्यहाँ थप विकास भयो जसलाई नियन्डरथल भनिन्छ ।

( त्यसैगरी अरु पनि समूहहरू भिन्दाभिन्दै समयमा अफ्रिकाबाट बाहिरिए ।

( अहिले भिन्दाभिन्दै ठाउँका मानिसहरूमा होमो सेपियन्सको मात्र नभई अरु मानव प्रजातिका डिएनएको पनि अंश पाइन्छ । किनभने संसारका सबै मानिसहरूको डिएनएमा पाइने साझा पुर्खा ५० हजार वर्षमात्र पहिले अफ्रिकाबाट निस्किएका थिए । यी आधुनिक मानवका साझा पुर्खा संसारका विभिन्न ठाउँमा पुगे । र, त्यहाँ भएका अन्य मानव जातिसँग उनीहरूको सम्बन्ध रह्यो ।

( जस्तै, अहिलेका युरोपेली मानिसहरूमा नियन्डरथलको डिएनएको हिस्सा अन्यत्रको भन्दा धेरै पाइन्छ । जसले कुनै बेला त्यहाँका पूर्वज र नियन्डरथलबीच सम्बन्ध रहेको पुष्टि गर्छ ।

( कालान्तरमा मानवका अन्य प्रजातिहरू लोप हुँदै गए र होमो सेपियन्स एक्लो हुनपुग्यो ।

( तर, तथ्य के हो भने हामी कोही पनि शुद्ध होमो सेपियन्स होइनौँ ।

*(प्रस्तुतिः लक्ष्मण श्रेष्ठ)*

**तातोपानीमा...**

उपचार गर्न आउनेको चाप बढेपछि दुई वटा कुण्ड थप गर्न लागेको सचिव केसीले जानकारी दिए । 'म्यादी नदीभित्र तातोपानीको मूल भेटिएको छ । त्यो मुललाई ल्याएर दुई वटा कुण्ड थप गर्छौं, उपचार गर्न आउनेको चाप बढ्दै गएकोले कुण्ड थप गर्न लागेका हौं ।'-उनले भने ।

**आम्दानीबाट शिक्षकलाई तलब**

तातोपानी कुण्ड व्यवस्थापन समितिले संस्थाको आम्दानीबाट स्थानीय सरस्वती माध्यमिक विद्यालयमा शिक्षकलाई तलब दिएको छ । शिक्षक अभाव भएपछि विद्यालय चलाउन कठिन भएपछि कुण्ड व्यवस्थापन समितिले शिक्षक व्यवस्थापन गरेको सचिव केसीले जानकारी दिए । आर्थिक वर्ष २०७५।०७६ मा १३ जना शिक्षकको तलब भुक्तान गरेको कुण्ड व्यवस्थापन समितिले अहिले पाँच शिक्षकको तलब व्यवस्थापन गरिरहेको छ । आर्थिक वर्ष २०७५।०७६ मा शिक्षकको तलबमा २१ लाख ५३ हजार ५ सय लगानी गरेको थियो । आर्थिक वर्ष २०८१।०८२ मा ८ लाख ७२ हजार रुपैयाँ लगानी गरेको छ । विद्यालयमा शिक्षक दरबन्दी थप भएसँगैं कुण्ड व्यवस्थापन समितिलाई व्ययभार घट्दै गएको हो ।

त्यसैगरी विद्यालयलाई आवश्यक जग्गा खरिद गरी भवन बनाउन पनि कुण्ड व्यवस्थापन समितिले लगानी गरेको छ । त्यसैगरी १० वर्ष अघि २२ लाख रुपैयाँ लगानी गरी जग्गा खरिद गरी स्वास्थ्य चौकी भवन निर्माण गरेको सचिव केसीले जानकारी दिए । स्वास्थ्य चौकीमा जाने बाटोका लागि अहिले १८ लाख रुपैयाँमा जग्गा खरिद गरेको उनको भनाइ छ ।

विसं. २०४२ सालमा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको तातोपानी कुण्ड व्यवस्थापन समितिले कुण्डको व्यवस्थापन गर्दै आएको छ । कुण्डमा डुब्नेको चाप बढेसँगै १० वर्षयता पूर्वाधार निर्माण गरी व्यवस्थापन राम्रो बनाइएको हो ।

**पेन्सनपट्टा सहित महत्वपूर्ण कागजातहरु हराएको सूचना**

मेरो निम्न विवरण भएको (भारतीय सेनाको पेन्सनपट्टा, सर्भिस सटिफिकेट, परिचय-पत्र, भारतीय सेनाको केन्द्रियबाट सिफारिस गरिएको पत्र र श्रीमति मान कुमारी खासु मगर पारिवारिक पेन्सनपट्टा तिनलाकुरी पाल्पा हुँदै बुटवल जाने क्रममा यही मिति २०८२।०५। २५ गते हराएको हुँदा फेला पार्नेहुने महानुभावहरुले निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

**नाम :** भिम सिं खासु मगर
**ठेगाना :** तानसेन-११, पाल्पा
**पेन्सनपट्टा नं.:** २३५०३९६०६५४९
**सम्पर्क नं.:** ९७४३२०२३३४

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

बाँकी पृष्ठ ४ मा



**तिहारका लागि सयपत्री फूलको माला उन्दैः**
दाङको घोराही उप-महानगरपालिका-१३ स्थित डुम्मरगाउँमा तिहार पर्वलाई लक्षित गर्दै बाहिरी जिल्लामा पठाउनका लागि सयपत्री फूलको माला उन्दै पुष्प व्यवसायी। दाङमा सयपत्री फूलको माला थोकमा एक सयदेखि दुई सय पचास रुपैयाँसम्ममा बिक्री भइरहेको व्यवसायीहरू बताउँछन्। तस्विरः कुलदीप न्यौपाने/रासस

# वेब नेटवर्कले मनायो १०औं वार्षिकोत्सव



बुटवल । इन्टरनेट सेवाप्रदायक कम्पनी वेब नेटवर्क प्रा.लि.ले १०औँ वार्षिकोत्सव मनाएको छ। इन्टरनेटसेवा १०औँ वर्ष प्रवेश गरेको अवसरमा शुक्रबार बुटवलममा एक कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव मनाइएको हो ।

सो अवसरमा बोल्दै कम्पनीका सिइओ क्षितिज श्रेष्ठले ग्राहकको साथ र मायाका कारणले गर्दा आफूहरु अहिले यो स्थानमा आउन सफल भएको बताए।

वायरलेसबाट सुरु गरेर अहिले फाइवर सिस्टमबाट सेवा प्रदान गरेको श्रेष्ठले बताए। ग्राहकहरुलाई गुणस्तरीय सेवा प्रदान गरेकाले कम्पनीले निरन्तर कार्यक्षेत्र विस्तार र ग्राहक संख्या बढाउँदै गएको उनले बताए । निकट भविष्यमै लुम्बिनी प्रदेशका १२ जिल्लामा नै सेवा विस्तार गर्ने गरी आफूहरु लागिरहेको सिइओ श्रेष्ठले बताए।

उक्त कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिकाका पूर्व प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थीले वेब नेटवर्क इन्टरनेटसँग आफू सुरुवाति चरणदेखि नै नजिकबाट बुझ्ने हेर्ने अवसर पाएको र इन्टरनेट कम्पनीले ग्राहकको सेवामा विशेष ध्यान दिने गरेको बताए।

साथै उनले आगामी दिनमा पनि अझ गुणस्तरीय र भरपर्दोसेवा प्रदान गर्न आग्रह गरे। इन्टरनेटले १०औँ वार्षिकोत्सवको अवसरमा ग्राहकहरुलाई आकर्षक छुटको व्यवस्था गरेको शेयर सदस्य विजय भण्डारीले बताए। उनकाअनुसार वार्षिकरुपमा ग्राहक बन्दा वा नवीकरण गर्दा ४ महिना थप हुने र १०० एमबीपीएसको इन्टरनेट जडान ६ हजारमै हुने भण्डारीले जनाए।

तिलोत्तमाको ड्राइभरटोलमा केन्द्रीय कार्यालय रहेको कम्पनीले अहिले रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, नवलपरासी र चितवनमा सेवा प्रदान गर्दै आइरहेको छ। ग्राहकको सहजताका लागि ती जिल्लाका विभिन्न स्थानमा शाखा कार्यालय र कनेक्शन काउन्टरको माध्यमबाट सेवा प्रदान गर्दै आएको कम्पनीले जनाएको छ। घरायसी प्रयोजन र कर्पोरेट सेवा प्रदान गर्दै आएको वेब इन्टरनेटका अहिले २० हजारभन्दा बढी ग्राहक रहेका छन्। वि.स. २०७२ असोजमा क्षिजित श्रेष्ठ र विजय भण्डारीले सुरुवात गरेको उक्त कम्पनीमा अहिले दिपेन्द्र शर्मा, कृष्णबहादुर पुन, उदय पोखरेल, प्रकाश क्षेत्री र सुरेन्द्र श्रेष्ठ गरी ८ जना शेयर सदस्य छन्। यस्तै ४५ जनाभन्दा धेरैले रोजगारी समेत पाएका छन्।

वार्षिकोत्सव कार्यक्रम विनिता विश्वकर्माको स्वागत मन्तव्य र यशोधा न्यौपानको सञ्चालनमा सम्पन्न भएको थियो। सो अवसरमा सहयोगी संघसंस्था र व्यक्तिलाई सम्मान गरिएको थियो।

# फूलखेतीबाट एकयाममा पाँच लाख बढी आम्दानी

वालिङ । स्याङ्जाको चापाकोट नगरपालिका-१ चौघेराका तुल्सीराम भण्डारीले व्यावसायिक फूलखेतीबाट एक याममा पाँच लाख बढी आम्दानी गर्दै आएका छन्। पूर्वशिक्षकसमेत रहेका उनले दसैं र तिहारलाई लक्षित गरी फूलखेती गर्दै आएका छन्।

गत असारमा शिक्षण पेसाबाट अवकाश लिएका भण्डारीले फुर्सदको समयलाई सदुपयोग गरी फूलखेतीमा गरिरहेको बताए। दसैं, तिहार, छठलगायत धार्मिक कार्यहरूलाई लक्षित गरी दुई चरणमा फूलका बिरुवा रोप्ने गरेको उनले जानकारी दिए। दसैं, तिहारलाई लक्षित गरी तीन रोपनी क्षेत्रफलमा र मङ्सिरपछि उत्पादन हुनेगरी थप दुई रोपनी क्षेत्रफलमा फूलखेती गरेको उनले बताए।

"शिक्षण पेसामा रहँदै गर्दा पनि बिहानबेलुकाको समयमा कम मात्रामा फूलखेती गरेको थिएँ", उनले भने-"फूलखेतीबाट मनग्य आम्दानी हुने देखेपछि अहिले पूरै समय व्यावसायिक फूलखेतीतर्फ जोडिएको हुँ।"

बाँदरले अन्नबाली नष्ट गरिदिएपछि विकल्पका रूपमा सयपत्री फूलखेती थालेको भण्डारीले बताए। अन्नबालीको विकल्पमा फूलखेतीको व्यावसायिक उत्पादन गरेका उनले मागअनुसार फूल पुऱ्याउन नसेकेको उल्लेख गरे। "सयपत्री फूल र मालाको माग अत्यधिक आएको छ", उनले भने-"मागअनुसार उपलब्ध गराउन सकिएको छैन।" यहाँ उत्पादन भएको फूल बुटवल, नारायगढ, बर्दघाट, पोखरालगायत स्थानीय बजारमा सजिलै बिक्री हुने गरेको छ।

उनले 'कर्मा ५५५ मेरीगोल्ड' जातको फूल लगाएका छन्। उनलाई श्रीमती र छोराद्वयले सहयोग गरिरहेका छन्। यहाँ उत्पादन भएको फूलको बजारीकरणका लागि माग भई आएका ठाउँमा आफैं पुऱ्याउने वा गाडीमार्फत् पठाइदिने काम छोराहरूले गर्दै आएका उनले जानकारी दिए। भण्डारीले फूलका थुङ्गा थोकमा प्रतिकिलो रु ३००, फुटकरमा प्रतिकिलो रु ४०० देखि ४५० र माला प्रतिगोटा रु ९० सम्ममा बिक्री गर्दै आएको जानकारी दिए। ग्राहकको मागका आधारमा माला वा फूलका थुङ्गा दुवै बिक्री गर्ने गरेको उनले बताए।

भण्डारीका अनुसार यस वर्षको हालसम्म करिब रु छ लाखको फूल तथा माला बिक्री भइसकेको छ। तिहारपछि पनि बुटवल तथा स्थानीय बजारबाट फूल र मालाको माग आइसकेको उनले जनाए। "असारमा लगाएको बेर्नाले दसैंदेखि उत्पादन दिन थालेको हो", उनले भने-"दोस्रो चरणमा लगाएको फूलको उत्पादन मङ्सिरसम्म लिन सकिन्छ।"

गतवर्ष एकै याममा फूल र माला बिक्रीबाट रु पाँच लाखभन्दा बढी आम्दानी भएको जनाउँदै उनले यस वर्ष रु १० लाख बढी आम्दानी गर्ने लक्ष्य रहेको बताए।

# नेपालगञ्जमा 'नेशनल स्विमिङ च्याम्पिनसीप'

नेपालगञ्ज । आगामी कात्तिक १४ र १५ गते दोस्रो नेपालगञ्ज राष्ट्रिय स्विमिङ च्याम्पिनसीप-२०२५ आयोजना गरिने भएको छ। नेपालगञ्ज स्वीमिङ क्लब बाँकेको आयोजनामा नेपालगन्जस्थित रङ्गशाला परिसरको पौडी पोखरीमा प्रतियोगिता हुनेछ।

क्लबलका अध्यक्ष केशवराज न्यौपानेले प्रतियोगितामा देशभरबाट दुई सयभन्दा बढी खेलाडीको सहभागिता रहने जानकारी दिए। विद्यालयलक्षित प्रतियोगितामा आठ, १०, १२, १४ र १७ वर्ष उमेर समूहका अतिरिक्त खुला उमेर समूहबीच प्रतिस्पर्धा हुने उनले बताए।

कुनै सङ्घ, संस्था वा क्लबले पनि संस्थागत रूपमा प्रतियोगितामा सहभागिता जनाउन पाउने व्यवस्था गरिएको छ। आठ वर्षमूनि उमेर समूहका खेलाडीले २५ मिटर, १० मुनिकालाई ५० मिटर, १२ र १४ मुनिका खेलाडीबीच ५० र १०० मिटर तथा खुल्ला उमेर समूहमा २०० र ४०० मिटर दूरीका विभिन्न ५६ वटा 'इभेन्ट' हुनेछन्।

क्लबका वरिष्ठ उपाध्यक्ष सूर्यमणि अधिकारीले नेपाल पौडी सङ्घको केन्द्रीय वार्षिक क्यालेन्डरअनुसार प्रतियोगिता आयोजना गर्न लागिएको जानकारी दिए।

# औषधि नपाएको बिरामीको गुनासो

गलकोट । सेवालाई गुणस्तरीय बनाउँदै लगेको धवलागिरि प्रादेशिक अस्पताल बागलुङमा पुगेका बिरामीको एउटै गुनासो हुन्छ-चिकित्सकले लेखेका औषधि पाइएन। अस्पताल फार्मेसीमा पुगेका अधिकांश स्वास्थ्य बिमामा आबद्ध बिरामीले नियमित रूपमा सेवन गर्ने थाइराइड, कोलेस्ट्रोल, उच्च रक्तचाप, सुगर र मुटुलगायतका औषधि नपाएको गुनासो गरेका छन्।

तीन महिनाअघि थाइराइडको औषधि नपाएर रित्तो हात फर्किएकी तुलसी शर्माले मेडिकल पसलमा पुगेर औषधि लगिन्। दोस्रोपटक अस्पताल आउँदा पनि उनले थाइराइडको औषधि पाइनन्। शर्मा प्रतिनिधिपात्रमात्रै हुन्। अस्पताल आउने बिरामीले परीक्षण राम्रो भए पनि औषधि नपाएको गुनासो गरिरहेका छन्।

थाइराइड २५ र थाइराइड १२.५ को औषधि अहिले अस्पताल फार्मेसीमा उपलब्ध छैन। अस्पतालले समयमै औषधि ल्याउन नसक्दा बिरामी महँगो मूल्यमा औषधि खरिद गर्न बाध्य छन्। अस्पतालका केही स्वास्थ्यकर्मीको स्वार्थका कारण अस्पतालले सबै औषधि समयमै उपलब्ध गराउन नसकेको बिरामी बताउँछन्। अस्पतालका स्वास्थ्यकर्मी र फार्मेसीको बाहिर आफ्नो निजी पसल भएकाले अस्पतालमा औषधि अभाव बनाइराख्ने गरेको बिरामीको गुनासो छ।

अस्पतालमा अहिले थाइराइडको मात्र होइन, मुटुसम्बन्धी रोगको औषधि पनि अभाव छ। समय-समयमा जीवनजल र सिटामोलको समेत अभाव देखाउँदै आएको अस्पतालले गुणस्तरीय सेवालाई वृद्धि गर्दै अघि बढेको जनाए पनि औषधि खरिदमा ढिलाइ गर्दै आइरहेको छ। खासगरी स्वास्थ्य बिमाका बिरामीले औषधि नपाएको गुनासो गर्दै आएका छन्। अस्पतालमा स्वास्थ्य परीक्षण राम्रो भए पनि बिमामार्फत् औषधि नपाएको अस्पतालमा उपचारका लागि आएका सिसम बोहोरा बताउँछन्।

उनले चिकित्सकले सिफारिस गरेका अधिकांश औषधि अस्पतालको फार्मेसीमा नपाइएको गुनासो गरिन्। फार्मेसी इञ्चार्ज सन्तोष सुवेदीले औषधि ट्रान्सपोर्टमा आउन समय लागेको बताए। औषधिको मौज्दात हेरेर समयमै खरिद गर्दा यस्तो समस्या नआउने भन्दै धवलागिरि अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा किरण तिवारीले अभाव भएका औषधि तत्काल पूर्ति गर्ने प्रतिबद्धता जनाएका छन्।

"औषधि अभाव हुन नदिन नियमित खरिद भइरहेकै हुन्छ, तर धेरै औषधि खरिद तिहारलगत्तै ठेक्कामा जानेगरी तयारी गरिएको छ, फार्मेसीलाई चुस्त बनाउन थप लागिपर्छु", तिवारीले भने- "नागरिकलाई सर्वसुलभ ढङ्गबाट औषधि प्रदान गर्न व्यवस्थापन टिम खटेको हुन्छ, केही औषधि अभाव भएको गुनासो आएको छ, तत्कालै समस्या समाधान गर्दछौँ।"

# फोहोरमैला व्यवस्थापनबाटै २७ लाख आम्दानी

**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको वालिङ नगरपालिकाले फोहोरमैला व्यवस्थापनबाट झण्डै २७ लाख आम्दानी गर्न सफल भएको छ। आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाले फोहोरमैला व्यवस्थापन शुल्क र बिक्री शुल्क वापत उक्त रकम आम्दानी गर्न सफल हो।

नगरपालिकाले नगर क्षेत्रका झण्डै ३ हजार घरपरिवारबाट दैनिक फोहोरमैला संकलन हुँदै आएको छ। कुहिने र नकुहिने दुई थरीका फोहोर उठाउने नगरपालिकाले फोहोर व्यवस्थापन शुल्क बापतमात्रै २५ लाख उठाउने गरेको छ भने संकलित फोहोरमैला बिक्री शुल्क बापत करिब दुई लाख गरी झण्डै २७ लाख रुपैयाँ आम्दानी गरेको छ।

फोहोरमैला संकलन गरेबापत खाद्यान्न, होटल तथा रेष्टुरेण्ट, तरकारी तथा फलफूल, फेन्सी, कपडा, औषधी पसल, बैंक तथा वित्तीय संस्थाबाट शुल्क पठाउने गरिएको छ। राजस्व परामर्श समितिले निर्धारण गरेकै मासिक शुल्क उठाउँदा झण्डै २५ लाख रुपैयाँ संकलन हुने गरेको नगरपालिकाका वातावरण तथा सरसफाइ शाखा प्रमुख मणि रेग्मीले बताए।

बजारबाट कुहिने ५ टन र नकुहिने ५ टन गरी दैनिक संकलित १० टन फोहोरलाई बर्गिकरण गरेर बिक्री वितरण गरिन्छ। वर्गीकृत फोहोरमध्ये कुहिनेमध्ये घाँसपात, कागज, तरकारी, फलफूलका बोक्रा, भान्साबाट निस्कने अन्य फोहोरलाई मलमा रुपान्तरण गरिन्छ। कुहिने फोहोरलाई गड्यौलालाई खुवाएर मलमा परिणत गरिने गरेको नगरपालिकाले जनाएको छ।

नकुहिने फोहोरमध्ये प्लाष्टिक, कपडा, टिना-फलाम, कार्टुनलाई तौलका आधारमा कवाडीलाई बिक्री गरिदै आएको छ। चालु आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिकाले फोहोरमैला व्यवस्थापन शुल्कबाटै झण्डै ३० लाख आम्दानी गर्ने लक्ष्य लिएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले एन्फो नामक परियोजनासँगको सहकार्यमा दिसाजन्य लेदो (सल्ज टिटमेन्ट प्लान्ट) समेत व्यवस्थापन गर्दै आएको छ। दिसाजन्य लेदोलाई प्लान्टबाट पानी र ठोस वस्तु छुट्टाएर पानी सुकाउने र ठोस वस्तुलाई मल बनाउने गरेको छ। सेवाग्राहीको सेफ्टी ट्यांकीको दिसाजन्य लेदो पदार्थ नगरपालिकाले प्रतिट्यांकी ६ हजार ५ सयमै व्यवस्थापन गर्दै आएको छ।

फोहोर व्यवस्थापनमा उदाहरण बन्दै गएको स्मार्टसिटी अवधारणाको नगरपालिकाले कुहिनेको तुलनामा नकुहिने फोहोर व्यवस्थापनमा बढी समस्या देखिएको जनाएको छ। मूल्यवान सिसा, फलाम र कार्टुन सेवाग्रहीले घरबाटै बिक्री गर्ने र कमशल खालको फोहोर दिने भएकाले वर्गीकृत फोहोर बिक्री वितरणमा समस्या भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले बताए। कुहिने फोहोरमैला सजिलै मलमा रुपान्तरण हुने गरेको उनले सुनाए।

नगरपालिकामा विशेष गरी बजार क्षेत्रका वडामा गठन गरिएको सरसफाइ उपसमितिले आ-आफ्ना टोलमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गर्दै आएका छन्। फोहोरमैलाका क्षेत्रमा देशका अन्य पालिकाहरुले निजी क्षेत्रसँगको साझेदारीमा काम गर्दै आइरहेको समयमा वालिङले आफ्नै अगुवाइमा फोहोरमैलाको व्यवस्थापन गर्दै आएको छ।

नगरपालिकाले फोहोर वर्गीकरणका लागि बनाएको सरसफाइ केन्द्र पछिल्लो समय शैक्षिक थलोका रूपमा विकसित हुँदै गएको नगर प्रमुख कृष्ण खाँणले बताए।

फोहोरमैलाका क्षेत्रमा गरेका कार्यबारे जान्न र बुझ्न देशका विभिन्न स्थानबाट आउने गरेका छन्। सरसफाइ केन्द्रस्रोतको उपयोगिता, आयआर्जनको स्रोत र एकीकृत व्यवस्थापनका दृष्टिले देशकै नमूना केन्द्र बन्दै जाँदा शैक्षिक थलो बनेको प्रमुख खाँणले दाबी गरे।


आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

दीपावली सतर्कतापूर्वक मनाऔं।
**दीपावलीको समयमाः**
दीपावली सतर्कतापूर्वक मनाऔं।
मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,
**त्यसबाट बच्नः**
- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
-बालबालिकाले भेट्ने गरी दियो, मैनबत्ती लगायतका प्रज्वलनशील पदार्थ नराखौं,
-पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं,
- मैनबत्ती, दियो बालिसकेपछि ननिभेसम्म निगरानी गरौं,
-धेरै विद्युतीय उपकरण प्रयोगका कारण विद्युत सट भई आगो लाग्न सक्ने हुँदा कम प्रयोग गरौं,
-एक्सटेन्सन प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौ,
- पटाका तथा अन्य प्रज्वलनशील बस्तुको प्रयोग नगरौं।
आगजनीबाट बचौं र बचाऔं।
नेपाल सरकार विज्ञापन बोर्ड

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत ५१ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com